नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

शहरको ग्रामीणीकरण रोकौं गाउँको शहरीकरण गरौंः भट्टराई
संवाद पृष्ठ ७ मा



वर्ष २ | अंक ३२० | २०८१ साल असोज २३ गते बुधबार | Wednesday 09, October 2024 | सूर्योदयः बिहान ६:०१ बजे | सूर्यास्तः साँझ ५:४३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# चहलपहल शून्य दशैं बजार व्यवसायी निरास

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
आर्थिक मन्दीका कारण सुस्त रहेको जनकपुरसहित मधेशको व्यापार दशैंमा चल्ने आशा गरेका व्यापारीलाई दशैं शुरु भइसक्दा समेत व्यापार नचलेपछि व्यापारी निरास भएका छन् । खुला सीमा र आर्थिक मन्दीको प्रभाव मधेश प्रदेशका अधिकांश जिल्लाको बजारमा परेको व्यापारीको कथन छ । उनीहरुका अनुसार, बजारमा साँझपख सर्वसाधारणको घुइँचो लाग्ने गरिएपछि बजारमा भने किनमेल गर्नेको संख्या त्यति नदेखिएको बताएका छन् ।



सुस्त रहेको जनकपुरको बजार दशैंमा चलायमान हुने आशा गरिएपछि त्यस अनुसारले भने बजारमा बिक्री नदेखिएको व्यापारीको कथन छ । दशैं शुरु भएपछि विगत ३० वर्षदेखि जनकपुर उद्योग वाणिज्य संघको अग्रसरतामा लाग्दै आएको दशैं बजारमा केही वर्षसम्म उपभोक्ताले भरिभराउको कारणले टेक्ने ठाउँसम्म हुँदैन थियो । स्थानीय गोपाल धर्मशालामा
घटस्थापनादेखि अष्टमीसम्म सस्तो बजारले परिचित दशैं बजार लाग्ने गरेको छ । किनमेलका लागि गाउँगाउँबाट उपभोक्ताहरु आउने गरेका थिए । तर अहिले बजार सुनसान देखिएको छ । बजारमा उत्साह नै छैन । करिब पाँच वर्षदेखि जनकपुरको बजारमा आफ्नो उत्पादन बच्दै आएका धोनी साबुनका सेल्स म्यानेजर पुण्यप्रसाद लुइँटेलले बजारमा यसपटक बिक्रीमा निकै ह्रास आएको जानकारी दिए । उनले बजारमा सर्वसधारणको भिड नै नदेखिएको बताए ।
जनकपुरको दशैं बजारमा बाहिरबाट धेरै साबुनसहित दैनिक उपभोग्य बस्तुको स्टल लाग्ने गरेको थियो । जहाँ सर्वसाधारण आआफ्नो दैनिक उपभोग्यको सामान खरिद गर्ने गरेका थिए । तर विस्तारै बजारमा स्टेल लगाउनेमा कमी आएको छ । लगाइएको दशैं स्टलमा ग्राहकको सख्या भने पातलो छ । दशैं र तिहार जस्ता चाडपर्वमा राम्रो व्यापार गर्ने व्यापारीको लक्ष्य हुन्छ । तर यसपटक भने राम्रो व्यापार नभएको व्यापारीहरुको अनुभव छ । बजारमा कपडाको स्टेल राखेका विजय गौतमले दिउँसोतिर हेर्दा निकै भिड लाग्ने गरेपनि आउनेहरु केबल बजारमा हेर्न मात्रै आउने गरेको बताए । उनले बजारमा आउनेहरु सामान खरिद गर्नुको साटो हरेर जाने गरेका छन् ।
प्लाष्टिकको समान बेच्दै आएका पंकज केजरीवालले अहिले बजारको अवस्था निकै मन्दी रहेको बताए । उनले भने, 'आउदा थोर बहुत सामान किन्ने गरेपनि जुनरुपमा बजारमा भिड हुनुपर्ने हो, त्यसमा कमी आएको छ भने खरिद गर्नेको संख्यामा समेत निकै कमी आएको छ ।'
जनकपुरको दशैंबजारमा ९० स्टल राखिएका छन् । बजारमा दिउँसोपख अत्यधिक भिड हुने गरेपनि भिडअनुसारको व्यापार नभइरहेको व्यापारीहरु बताउँछन् । कोभिडका बेला जुनखाले आर्थिक मर्का परेको थियो, त्यस्तै, असर बजारमा फेरि देखा परेको व्यापारीहरु बताउँछन् । मान्छेको चहलपहल त छ तर व्यापार सोचेजस्तो छैन ।
उपभोक्ता समेत विगतको जस्तो सामान सस्तो नभएको र आउँदाजाँदा नै खर्च लाग्ने र गाउँभन्दा थोरै रुपैयाँ मात्र कम पर्ने गरेको बताउँछन् । यहाँ आएर सामान खरिद गरेर लैजाँदा बजारको भन्दा गाउँकै सस्तो हुन थालेको बताए ।
स्थानीय रीतादेवीका अनुसार बजारमा समान सस्तो नभएका कारणले गाउँबाट यहाँ सामान खरिद गर्न आउँदाजाँदा भाडामै त्यति रकम लाग्ने गरेको बताउदै बोक्र पनि झन्झटिलो रहेकाले गाउँ र यहाँको सामानसमेत उस्तै पर्ने गरेको बताए ।
खुला सीमाका कारण उपभोक्ता घरेलु सामान किन्न नेपाली बजार भन्दा भारतको बजारमा जाने गरेका छन् । जसकारणले नेपाली बजार सुक्र थालेको छ । दैनिक उपभोक्ता बस्तुहरुसमेत भारतीय बजारमा पुगेर सहजैरुपमा ल्याउने गरेका कारणले नेपालीबजार भने सुकिरहेको छ । दशैंमा बजार चलायमान हुने व्यापारीको आशा थियो तर बजार नचल्दा व्यापारी निरास छन् ।

# जनकपुरको विकासमा युवाको



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले जनकपुरधामको विकासमा जनकपुरधामका युवा कमिटीहरुको महत्वपूर्ण भूमिका रहेको बताएका छन् । राम युवा समिति र महावीर युवा समितिले गरेको जागरण कार्यक्रममा उनले यस्तो बताएका हुन् ।
उनले विवाहपञ्चमीमा राम युवा समिति र महावीर युवा समितिको जिम्मेवारी बढेको बताए । उनले मन्दीको समयमा जनकपुरधामले पर्यटन बढाउनुपर्ने बताए । उनले ऐतिहासिक मठमन्दिर र सरोवरको संरक्षणका लागि सबैले पहल गर्नु पर्ने बताए । राम युवा समितिका अध्यक्ष सरोजकुमार साहको नेतृत्वमा कार्यक्रम भएको हो ।
महावीर युवा समितिका अध्यक्ष अजयकुमार साहले स्वागत गरेका थिए । मुख्यमन्त्रीले परिवारसहित राजदेवी मन्दिर, बोधीमाई मन्दिर र अमरखाना मन्दिरमा पूजाअर्चना गरेका थिए ।

# द्वन्द्वपीडितको समस्या समाधान गर्न सरकार गम्भीरः मन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीले द्वन्द्वको समस्याप्रति मधेश प्रदेश सरकार गम्भीर रहेको बताएका छन् । उनले द्वन्द्वपीडितहरु घरबारविहीन बनेका पीडितको समस्या समाधानका लागि प्रदेश सरकारले हरेक प्रकारले पहल गर्ने बताए ।
लेखीले विगतमा समेत सरकारले धेरै काम द्वन्द्वपीडितका लागि गरेको बताउदै आउने दिनमा समेत उनीहरुका समस्या समाधान गर्न पहल गर्ने जिकिर गरे ।
जनकपुरधाममा आयोजना गरिएको छलफलमा उनले द्वन्द्वपीडितको समस्या समाधान नहुनुमा राजनीतिक अस्थिरता रहेको बताए । उनले राजनीतिक अस्थिरताको कारणले गर्दा समस्या आएको बताउँदै समस्यालाई आफूहरुले सक्दो प्रयास गरेर समाधान गर्ने बताए ।
मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्रालयका निमित्त सचिव सञ्जीव सिंहले विगतमा मधेश प्रदेश सरकारले द्वन्द्वपीडितलाई निर्देशिकाको आधारमा थोरै भए पनि राहत तथा परिपूरणको काम गरेको बताए । मधेशी शहीद प्रतिष्ठानका सदस्य रामनरेश यादवले मधेश प्रदेशबाट मधेश आन्दोलनमा शहीद भएका ६३ तथा माओवादी द्वन्द्वको समयमा शहीद भएका १ हजार ९८ जना रहेकामा अधिकांश परिवारलाई प्रतिष्ठानले राहतस्वरूप ११ करोड ४० लाख रुपैयाँ सहयोग गरेको बताए ।

# पाँच रुसी पर्वतारोहीको मृत्यु

**म्याग्दी ।**
धौलागिरि हिमाल आरोहणमा गएका पाँच रुसी पर्वतारोहीको मृत्यु भएको छ । हाइक्याप आधार शिविरबाट आइतबारदेखि सम्पर्कविहीन भएका उनीहको शव मंगलबार भेटिएको हो । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठका अनुसार अलेक्जेन्डर दुशेको, ओलेग कुर्गलोभ, भ्लालिमिर चिस्तिकोभ, मिखाइल नोसेन्को र डिमित्री शालिलेभोइको शव भेटिएको हो । आइतबार बिहान ११ बजेदेखि सम्पर्कविहीन भएका उनीहरुको हेलिकप्टरबाट खोजी गरिएको थियो । शव ल्याउने तयारी भइरहेको छ । आरोहण समूहका एकजनालाई उद्धार गरी काठमाडौ ल्याएको छ ।






# तेली समाजद्वारा शुभकामना आदानप्रदान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल तेली कल्याण समाज जनकपुरधाम नगर कमिटी वडा १ का अध्यक्ष दिलीपकुमार साहको अध्यक्षतामा रामबहादुर साह तेली सेवा सदनको सभागृहमा दशैँ, दीपावली तथा छठ पर्वको शुभकामना कार्यक्रम भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि मधेश प्रदेशका पूर्व गृह तथा सञ्चारमन्त्री भरत साह थिए । विशेष अतिथिमा संविधान सभा सदस्य तथा नेपाल सरकारका पूर्व राज्यमन्त्री अरविन्द साह र पूर्व मेयर बजरंग साह थिए । कार्यक्रममा वक्ताहरुले तेली समुदायमा अशिक्षा बढिरहेको बताए । यादवपछि मधेशमा तेलीको जनसंख्या रहेको भए पनि आपसी मेलमिलाप नहुँदा राजनीतिमा न्यूनता रहेको समीक्षा भएको थियो । उनीहरुले सन्तानलाई पढाउन आग्रह गरेका थिए । कार्यक्रममा जिल्ला अध्यक्ष ललित साह, उपाध्यक्ष ई. श्याम साह, नगरअध्यक्ष रामबाबु साह, उपाध्यक्ष अम्बुप्रसाद साह, श्याम साह, विजयकुमार साह, बिगुल प्रसाद साह, जगदीश साह, शैलेन्द्र साहलगायतकाले मन्तव्य राखेका थिए ।

# जोखिम छ तर, नागढुङ्गा–मुग्लिन सडकमा आत्तिनु पर्दैन !

**धादिङ ।**
सडक कुनाको भित्ताबाट खसेका ससाना पहिरो नालीमै छन् । आवतजावत छेकिनेगरी झरेका पहिरो पन्छाए पनि सडक कुनामा थुप्रो लागेका अनगिन्ती पहिरो सफा गर्न अझै बाँकी छ । कृष्णभिरसहित तत्काल मर्मतको सम्भावना नहरेका केही स्थानमा सडक एकतर्फी छ । तर, सवारी चल्न अवरोध भएको छैन । त्रिभुवन राजपथको नागढुङ्गा–नौबिसे सडक खण्ड र पृथ्वी राजमार्गको नौबिसे–मुग्लिन सडक खण्डको वास्तविक अवस्था यही हो ।

जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक दीपेन्द्र शाही भन्छन्, 'जो कोही पनि सहजै यात्रा गर्न सक्नुहुन्छ । कहीँकतै असहज अवस्था सिर्जना नहोस्, विपद् नपरोस्, परिहालेछ भने धनजनको क्षति हुन नदिन हामी चौबिसै घण्टा तपाईको साथमा छौँ ।' एक साताअघि चार दिन निरन्तर परेको वर्षात्का कारण पाइलैपिच्छे झरेको पहिरो र गेग्रानले सडक कतै धुलाम्मे छ । भित्तामा मूल निस्किएको र नाली थुनिएर सडकमा पानी उक्लिएको स्थान हिलाम्मे छ । सडक विस्तारको काम गर्ने क्रममा भित्ता खारेको स्थानबाट खसेर सडकमा फिँजारिएको माटोले घाम लाग्दा धुलो उड्नु र पानी पर्दा हिलो हुनुलाई यतिबेला सामान्य मान्नुपर्छ । हरेक चालक होसियार भएर सवारी नियमको पालना गर्ने हो भने सम्भावित दुर्घटनाबाट जोगिन र जोगाउन सकिन्छ ।

दुईपाङ्ग्रे
मोटरसाइकल–स्कुटरदेखि चार पाङ्ग्रे कार जिपसँगै ठूला यात्रु बस र दस, बाह्र, चौध पाङ्ग्रे ट्रकसम्म सबै किसिमका सवारी यही सडकमा चलेको छ । राजमार्ग एक मिनेट पनि खाली छैन । दशैँ मनाउन घर फर्किनेको भीडले पृथ्वी राजमार्ग रातदिन नै व्यस्त छ । गृह मन्त्रालयबाट जिल्ला प्रहरी कार्यालय धादिङको जिम्मेवारी लिएर कार्यालय प्रवेश गर्नुअघिदेखि नै सडकको जाम हटाउन र जोखिमपूर्ण स्थानको निरीक्षणमा खटिएका प्रहरी उपरीक्षक शाही बताउँछन्, 'यस्तो अवस्थामा सडक छेउकुनामा डोजर चलाएर कुदिरहेका सवारीलाई पर्खाउन सक्ने अवस्था छैन ।'

त्रिभुवन राजपथको सिक्रेखोलादेखि नागढुङ्गासम्म यतिबेला अत्यधिक धुलो छ । साना सवारीले झ्यालढोका बन्द गरेर हिँड्छन् । तर, मोटरसाइकल र स्कुटरलाई यो सडक पार गर्न निकै कष्ट छ । रातिको समयमा भने ठूला सवारीका चालक पनि अनुमानको भरमा सवारी चलाउन बाध्य छन् । पानी प¥यो भने त्यही धुलो लेदो हिलोमा परिणत भएर चिप्लो हुने निश्चित छ । फाटिएका सडक भासिनसक्ने खतरा पनि उस्तै छ । धुलोले रङ्गङगिएको बेला जथाभावी उछिन्न खोज्ने र दुर्घटना हुनसक्ने सम्भावनालाई ध्यानमा राखेर पीपलमोड, झ्याप्ले खोला, गणेश मन्दिरलगायत अप्ठ्यारा स्थानमा ट्राफिक प्रहरी र जनपथ प्रहरीले संयुक्त रुपमा 'ड्युटी' गरिरहेको छ । साना तथा हलुका अधिकांश सवारीले धार्के–सीतापाइला सडक प्रयोग गरिरहेका छन् । धादिङको गल्छीबाट नुवाकोटको गँगटे, छहरे हुँदै काठमाडौ प्रवेश गर्ने र त्यही सडक प्रयोग गरेर काठमाडौबाट बाहिरिने सवारीको संख्या पनि कम छैन । पछिल्लो समय चित्लाङ र पालुङ भएर हेटौँडा निस्कने सडक मर्मत भएपछि पनि नागढुङ्गा नौबिसे सडकलाई सवारीको भार केही कम भएको छ । सवारीको भार कम भएसँगै जामको चुनौती पनि कम भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय गजुरीका प्रहरी निरीक्षक सुरज श्रेष्ठले जानकारी दिए ।

नागढुङ्गा नौबिसे क्षेत्रका पहिरो पूर्ण रूपले थामिसकेको छैन । जुनकुनै ठाउँमा जुनकुनै बेला पहिरो झर्नसक्ने र ढुङ्गा खस्नसक्ने जोखिम छ । जोखिम क्षेत्रमा सवारी चापलाई मध्यनगर गरेर पनि साना तथा हलुका सवारीलाई धादिङको वैकल्पिक सडक प्रयोग गर्न पनि प्रहरीले सुझाव दिने गरेको छ । सडकमाथि भित्ताबाट सडकमा खसेका गेग्रान ढुङ्गा, नाली थुनिएर सडकमा बगेको पानी, सफा गर्दै गरेको पहिरोले नौबिसे नागङ्गा खण्डमा जस्तै पृथ्वी राजमार्गको नौबिसे मुग्लिन खण्डमा पनि साना सवारी र दुईपाङ्ग्रे सवारीलाई जोखिमपूर्ण नै छ ।

नागढुङ्गादेखि मुग्लिनसम्म ९६ किलोमिटर राजमार्गमा भएका सबै पहिरो गन्न सकिने अवस्था छैन । करिब ५० भन्दा बढी स्थानमा पानी परेपछि गाडी छेकिने किसिमको पहिरो छ । यसअघि सवारी छेकिनेगरी पहिरो झरेका स्थान, निर्माणाधीन पुल र सवारी एकतर्फी हुनसक्ने साँघुरा स्थानको दुवैतर्फ ट्राफिक प्रहरी र जनपथ प्रहरी तैनाथ गरेर चालकलाई सजग गराइएको प्रहरी निरीक्षक श्रेष्ठले जानकारी दिए । सशस्त्र प्रहरीले समेत राजमार्गमा सक्रियताका साथ गस्ती गरिरहेको छ ।

**पृथ्वी राजमार्गमा दैनिक कति सवारी गुड्छन् ?**
नागढुङ्गाको चेकपोष्ट हुँदै दैनिक कति सवारी काठमाडौ भित्रिन्छन् र कति बाहिरिन्छन् यकिन तथ्याङ्क छैन । सामान्य अवस्थामा दैनिक १३ हजार र चाडपर्वका बेला २० हजारसम्म सवारी आवतजावत हुने अनुमान छ । निजी सवारीबाहेक चौबिसै घण्टा सबै सवारीको नम्बरसहित तथ्याङ्क राख्ने महानगरीय प्रहरी प्रभाग नागढुङ्गासँग पनि नौबिसे नागढुङ्गा खण्ड हुँदै दैनिक कति यात्रुबाहक र मालबाहक सवारी आवतजावत गर्छन् भन्ने तथ्याङ्क छैन । बागमती प्रदेश ट्राफिक प्रहरी कार्यालय, रामनगरका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खान भन्छन्, 'हामीसँग ठ्याक्कै तथ्याङ्क छैन । नागढुङ्गा र धादिङले नै यसको अनुमान लगाउन सक्छ ।' रासस

# बाढी प्रभावित क्षेत्रमा टेलिफोन र इन्टरनेट सेवा सहज बन्दै

**काठमाडौ ।**
असोज १० देखि १२ गतेसम्म भएको अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा बाढी, पहिरो र डुबानले अवरुद्ध भएको टेलिफोन र इन्टरनेट सेवा सहज बन्दै गएको छ । बाढी, पहिरो र डुबानका कारण देशका विभिन्न जिल्लामा खम्बा ढल्ने, तार चुँडिनेलगायत कारणले अवरुद्ध टेलिफोन सेवा मर्मतपछि सहज बन्दै गएको नेपाल टेलिकले जनाएको छ ।

टेलिकमका प्रवक्ता हरि ढकालले भने, 'काठमाडौ, भक्तपुर, धादिङ, दोलखा, सिन्धुली, रामेछाप, मकवानपुर, सिन्धुपाल्चोक, संखुवासभा, सोलुखुम्बु, ताप्लेजुङ र पाँचथरलगायत बाढी प्रभावित जिल्लामा केही समय अवरुद्ध भए पनि अहिले सेवा सञ्चालन भइसकेको छ । बिजुली नभएकाले काभ्रेपलाञ्चोक र ललितपुरका केही स्थानमा सञ्चालन हुन बाँकी सेवा यथाशीघ्र सञ्चालनका लागि प्रयास भइरहेको छ ।' बाढी, पहिरो र डुबानपछि सरकारले इलाम, धनकुटा, तेह्रथुम, ओखलढुङ्गा, नुवाकोट, तनहुँ, स्याङ्जा, पाल्पा, गुल्मी, अर्घाखाँची, बाग्लुङ, प्यूठान, रोल्पा, रुकुम पश्चिम, दैलेख, अछाम र बैतडीलगायत २१ जिल्लालाई प्रभावित जिल्लाका रुपमा राखेको थियो ।

टेलिकम र नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार असोज १० देखि १२ गतेसम्म निरन्तर भएको वर्षाका कारण बाढी, पहिरो र डुबानलगायत समस्याबाट टेलिफोन र इन्टरनेट सेवा प्रदायक कम्पनीको करिब ३० करोड रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक आँकलन गरिएको छ । इन्टरनेट सेवा प्रदायक कम्पनीको क्षतिको विवरण अझै पूर्ण रुपमा नआइसकेको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिए । टेलिफोन सेवा प्रदायक दुई कम्पनी दूरसञ्चार (एनटिसी) र एनसेल आजिअटा लिमिटेड (एनसेल) को मात्र करिब २२ करोड रुपैयाँ बराबरको क्षतिको अनुमान गरिएको छ । 'एनटिसीको करिब १५ करोड रुपैयाँ र एनसेलको करिब सात करोड रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक विवरण आएको छ । हालसम्म १५ इन्टरनेट सेवा प्रदायकबाट विवरण संलग्न भइसकेको छ । ती कम्पनीको करिब साढे सात करोड रुपैयाँ बराबरको क्षति भएको हुनसक्ने प्राधिकरणको भनाइ छ ।

नेपाल टेलिकमले नेपालीको महान् चाड दशैँ, तिहार तथा छठलगायतका विभिन्न पर्वका अवसरमा आफ्ना ग्राहकका लागि दशैँ अफर उपलब्धसमेत गराएको छ । टेलिकमका प्रवक्ता ढकालका अनुसार असोज १३ देखि आगामी कात्तिक २३ सम्म दशैँ अफर उपलब्ध गराइनेछ । अफरअन्तर्गत सहुलियत दरका 'भ्वाइस', 'डाटा' तथा 'एफटिटिएच'का 'प्याकेज' हरू प्रारम्भ भई आगामी कात्तिक २३ गतेसम्म उपलब्ध हुनेछन् । यस अफरअन्तर्गत साविकका एफटिटिएचका प्याकेजमा साविककै मूल्यमा थप 'ब्याण्डविथ' उपलब्ध गराइएको छ । ५०, ७५, १००, १५० र २०० एमबिपिएस गतिका एफटिटिएच डाटारकम्बो प्याकेजमा ५० प्रतिशतसम्म क्षमता अभिवृद्धि गरी क्रमशः ७५, १००, १२५, १७५ र २२५ एमबिपिएस ब्याण्डविथ कायम गरिएको टेलिकमले जनाएको छ ।

यो अफर उल्लेखित समयावधिभित्र नयाँ सेवा जडान गर्ने एवम् प्याकेज नवीकरण गर्ने सबै ग्राहकका लागि कायम रहने प्रवक्ता ढकालले बताए । साथै, एफटिटिएच नयाँ जडानमा जडान शुल्क ५ सय रुपैयाँ मिनाहा गरिएको छ । यसैगरी दशैँ अफरअन्तर्गत नै जिएसएम सेवाका ग्राहकका लागि ७ सय ९९ रुपैयाँमा अल नेट 'अनलिमिटेड भ्वाइस' सुविधा, ४५ जिबी डाटा र ५०० 'अल नेट एसएमएस' सुविधासहितको ७ सय ९९ रुपैयाँ सजिलो अनलिमिटेड प्याकेज सञ्चालन गरिएको कम्पनीमार्फत जनाएको छ ।

अविरल वर्षा हुँदा बाढी, पहिरो र डुबानका कारण अवरुद्ध बनेको इन्टरनेट सेवा सहज बन्दै गएको प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारीले जानकारी दिए । उनले भने, 'पछिल्लो समयमा भएको बाढी, पहिरो र डुबानका कारण बिजुलीको खम्बा ढलेर र तार चुँडिएर केही जिल्लामा केही समय इन्टरनेट सेवा अवरुद्ध हुन पुगेको थियो, तर अहिले बाढी र पहिरोका कारण खम्बा ढलेर बिजुली नभएको ठाउँभन्दा अन्य सबै जिल्लामा द्रुतगतिको इन्टरनेट सेवा सञ्चालन भइरहेको छ ।'

उनका अनुसार काभ्रेपलाञ्चोक र ललितपुरका कुनैकुनै ठाउँमा बिजुलीको खम्बा ढलेका कारण इन्टरनेटमा समस्या देखिएको र त्यसलाई पनि सकेसम्म दशैँअगावै समाधान गर्न प्रयास भइरहेको छ । रासस


शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कठौना, सप्तरी
### मधेश प्रदेश, नेपाल

**औषधी आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**
**(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/२३ गते)**

यस शम्भुनाथ नगरपालिकाको लागि आवश्यक औषधी सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही चालु आ.ब. २०८१ /०८२ को लागि रितपूर्वकको सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ। तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले सार्वजनिक खरिद अनगुगमन कार्यालय (PPMO) को वेवसाइट https://bolpatra.gov.np/egp/ मा गई बिद्युतीय खरिद प्रणालीबाट बोलपत्र प्रस्ताव दर्ता/गर्न हुन सूचित गरिन्छ। अन्य थप जानकारीका लागि यस शम्भुनाथ नगरपालिकाको सूचना पाटी, वेवसाइट www.shambhunathmun.gov.np तथा कार्यालय समय भित्र यस कार्यालयको जिन्सि/स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिनेछ।

१. बिद्युतिय खरिद प्रणालीबाट बिद्युतिय बोलपत्र प्रस्ताव https://bolpatra.gov.np/egp/ मा गई यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे सम्म Electronically bid खरिद गर्न सकिनेछ र रितपुर्वक खरिद गरिएको दरभाउ पत्र १६ औं दिन दिनको १२:०० बजे भित्र दर्ता गरि सक्नु पर्ने छ र सोहि दिन अपरान्ह दिनको २:०० बजे शम्भुनाथ नगरपालिकाको कार्यालयमा खोलिनेछ ।यस कार्यालयबाट (Hard Copy) बिक्री गरिनेछैन।
२. दरभाउपत्र खरिद दस्तुर बापतको रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय कठौना, सप्तरीमा रहेको आन्तरिक राजश्व खाता नं. २३२०१००३०१०१०००८ मा दाखिला गरेको बैंक भौचर पेश गर्नु पर्नेछ।
३. दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
५. सिलवन्दी दरभाउपत्र साथ रु. ४३,०००/-(अक्षेरपि रुपैँया त्रिचालिस हजार मात्र) बराबरको रकम यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक कठौना, सप्तरीमा यस कार्यालयको धरौटी खाता नं. २३२०१००३०३००००८ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त क वर्ग बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित कानुनले तोकेको मान्य अवधि (दरभाउ पत्र खोल्ने मिति देखि ७५ दिन) भएको जमानी पत्र (बिडबन्ड) पेश गर्नुपर्नेछ।
६. औषधी खरिद गर्दा WHO GMP Certified Company र नेपाल सरकारबाट मान्यता प्राप्त उत्पादित औषधीहरु मात्र खरिद गरिनेछ। बोतलमा सप्लाई हुने औषधीहरु प्लाष्टीक बोतलमा भएको हुनुपर्नेछ र बाँकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ।
७. खरिद हुने औषधीहरुको म्याद सम्बन्धमा उक्त औषधीको यस कार्यालयमा बुझाउदा सम्म Manufacturing date बाट Expiry Date कम्तीमा ७५% दिन बाँकी हुनु पर्नेछ। सो भन्दा घटी म्याद भएका औषधीहरु स्वीकार गरिने छैन।
८. सारभुत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये सबै भन्दा घटी रकम कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ।
९. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधीको परिमाणमा थपघट गर्न सकिने छ।
१०. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र थप जानकारीको लागि यस शम्भुनाथ नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
११. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक नियमावली, २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | बिवरण | लागत अनुमान (मू.अ.कर सहित) रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | 1/GOODS / SHMUN/081/082 | Supply and Delivery of Medicine Items | १४,५६,०००/- | १,०००/- | ४३,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत












**हटियामा बेच्न राखिएका खसीबोका:** महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका–१ स्थित हटियामा दशैँका लागि किसानले बेच्न ल्याएका खसीबोका । तस्बिरः सञ्जितकुमार मण्डल/रासस

# दशहरा पर्वको छैटौँ दिन 'बेलनौत' गरियो

**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेशको प्राचीन मिथिला क्षेत्रमा दशैँ पर्वलाई 'दशहरा' भनिन्छ । शारदीय नवरात्र पनि भनिने यस पर्वको छैटौँ दिन मंगलबार मिथिलामा 'बेलनौत' विधि सम्पन्न गरिएको छ । नवरात्रको छैटौँ दिन अर्थात् षष्ठी तिथिका दिन यो विधिको परम्परा छ ।
पर्वका अवसरमा माटो मुछेर बनाइएका देवी दुर्गाका प्रतिमाका आँखा उघार्ने प्रयोजनका लागि 'बेलनौत' विधि आयोजन गरिने पुरानो मैथिल परम्परा हो । मिथिला क्षेत्रमा दशहारा (बडादशैँ) पर्वमा माटो मुछेर बनाइएका देवी प्रतिमाका आँखा सप्तमीका दिन खोल्न (उघार्न) बेल (फल)को भेट्नो प्रयोग गरिने परम्परा छ ।
यसका लागि एक दिनअघि षष्ठी तिथिका दिन मध्याह्नपछि देवी प्रतिमास्थलबाट बाजागाजासाथ बस्ती नजिकको बेलको रुखमा चढेर एउटा बेल फललाई रातो रुमालले बाँध्ने विधिलाई मिथिलामा 'बेलनौत' भन्ने गरिन्छ ।
षष्ठीका दिन यही विधि उल्लासमय वातावरणमा सम्पन्न गर्न हिन्दू मैथिलले तयारी गरेका थिए । षष्ठीका दिन वैदिक मन्त्रोच्चारणसहित निम्ता गरेर बाँधिएको बेलको फल भेट्नुसहित सप्तमीका दिन बिहानै टिपेर सोही फलको भेट्नुले प्रतिमाको आँखा कोट्याएर उघार्ने गरिन्छ । देवी प्रतिमाको आँखा उघार्न शास्त्रले पवित्र मानेको बेल फलको भेट्नो प्रयोग गर्ने परम्पराअनुसार सो प्रयोजनका लागि बेलको फललाई निम्ता गर्ने भाव यो विधिमा रहेको मैथिल परम्परा र कर्मकाण्डका ज्ञाता बताउँछन् । मिथिलामा आँखा उघारिएपछि प्रतिमा पूर्ण सजीव भएको मानिने बर्दिबास–२ का बासिन्दा मैथिल परम्परा र कर्मकाण्डका ज्ञाता दिनेश झा बताउँछन् ।
सप्तमीका दिन एक दिनअघि निम्ता गरिएको बेलको फल भेट्नोसहित टिपेर ल्याई पुरोहित ब्राह्मणले भेट्नोले खोसेर प्रतिमाको आँखा उघारिदिएपछि मात्र देवी प्रतिमा सर्वसाधारणको दर्शनका लागि खुला गरिन्छ । सप्तमीका दिन बिहान एक दिनअघि निम्ता गरिएको बेल टिप्न पनि बाजागाजासाथ पुग्ने चलन छ ।
बेल टिप्ने यो विधिलाई 'बेलतोडी' भनिने गरिएको मैथिल परम्पराका जानकार महोत्तरीको जलेश्वर नगरपालिका–४ सुगाभवानीपट्टीका बासिन्दा पूर्वप्रशासक ८० वर्षीय कृष्णचन्द्र झा बताउँछन् । दशहरा पर्व अवसरमा मिथिला क्षेत्रका बस्ती–बस्तीमा जस्तो देवी प्रतिमा बनाइएका छन् । 'बेलनौत' विधि सम्पन्न गरिने तयारीमा मिथिलाका बासिन्दा जुटेसँगै पर्वको चहलपहल निकै बढेको छ ।
पर्वविशेषमा माटो मुछेर बनाइएका प्रतिमाबाहेक अघिदेखि नै काठ वा धातुका देवी प्रतिमाका लागि आँखा उघार्न आवश्यक नभएकाले त्यस्ता प्रतिमास्थलमा 'बेलनौत' विधि आवश्यक नरहेको मिथिला संस्कृति परम्पराका ज्ञाता बताउँछन् । यद्यपि यस्ता मन्दिरमा पनि निम्ता गरिएको बेल फल टिपेर ल्याई देवी प्रतिमा नजिक राख्ने चलन छ । पर्व विशेषमा बनाइएका देवी प्रतिमा विजयादशमीका दिन धार्मिक महत्वका नदी वा गहिरो तलाउमा विसर्जन गरिने परम्परा छ । यसलाई मिथिलामा मूर्ति भसाउने भनिन्छ ।

# जेष्ठ नागरिकलाई लुटेर फरार रहेका चार जना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
बारा प्रहरीले जेष्ठ नागरिकलाई लुटेर फरार रहेका चार जनालाई पक्राउ गरेको छ । पक्राउ परेका चारै जना भारतीय नागरिक हुन् ।कलैया उपमहानगरपालिका–१ स्थित प्रभु बैंकको शाखाबाट ५० हजार रुपैयाँ निकालेर घरतर्फ जाँदै गरेका बलिरामपुरका एक जेष्ठ नागरिकलाई असोज १ गते लुट्ने गिरोह पक्राउ परेका हुन् ।
लुटपाटका क्रममा पीडितलाई चक्कु देखाई धम्क्याइएको थियो । पक्राउ परेकाहरु भारत, बिहारको पश्चिम चम्पारण जिल्लाका ४३ वर्षीय सुरेश प्रसाद बानियाँ, ४५ वर्षीय शर्मा मुखिया, ३५ वर्षीय शैलेश तिवारी, र मोजफरपुर जिल्लाका ३४ वर्षीय रवि दास रहेका छन् ।प्रहरीका अनुसार पीडित परिवारले दिएको जाहेरीका आधारमा अनुसन्धान गरिरहेको प्रहरीले कलैयाबाट चारै जनालाई पुनः अर्को व्यक्तिलाई लुट्ने योजना बनाउँदै गरेको अवस्थामा पक्राउ गरेको हो । बाराका प्रहरी प्रवक्ता प्रकाश सापकोटाका अनुसार पक्राउ परेका व्यक्तिहरुसँग भारतीय नम्बरको एउटा मोटरसाइकल पनि बरामद गरिएको छ । पक्राउ परेकामाथि आवश्यक अनुसन्धान भइरहेको बताइएको छ ।

# बज्जिकाको अक्षयकोषमा ५ हजार थप

**मधेशदृष्टि**
**रौतहट ।**
बज्जिका भाषा र साहित्यको विकासमा अत्यन्त विशिष्ट भूमिका निर्वाह गरेको तुलसी साहित्य पुरस्कारमा ५ हजार १०० रुपैयाँ थप गरिएको छ । पुरस्कार संस्थापक समाजसेवी धर्मनाथप्रसाद जयसवालले पुरस्कारको अक्षयकोषमा ५ हजार १०० रुपैयाँ थप गरेका हुन् । दशैंको अवसर पारेर समाजसेवी जयसवालले पुरस्कारको अक्षय कोषमा रकम वृद्धि गरेका हुन् । हरेक वर्ष १ जना कविलाई १० हजार रुपैयाँ नगद पुरस्कार तथा प्रमाणपत्र उपलब्ध गराउँदै आएको तुलसी साहित्य पुरस्कार कोष हरेक वर्ष वृद्धि हुँदै गएको छ । पुरस्कारको स्थापना हुँदा १ हजार रुपैयाँबाट सुरु भएको थियो ।
१ हजारबाट ५ हजार हुँदै अहिले पुरस्कारको राशि १० हजार रुपैयाँ पुगेको हो । देश र विदेशमा रहेका विभिन्न बज्जिका साहित्यकारले तुलसी साहित्य पुरस्कार प्राप्त गरिसकेका छन् । नेपालमा पहिलो बज्जिका पुरस्कारको रुपमा स्थापित तुलसी साहित्य पुरस्कार रहेको छ ।
समयसमयमा संस्थापक समाजसेवी जयसवालले पुरस्कारको अक्षय कोषमा रकम वृद्धि गरिरहेका छन् । पुरस्कारको अक्षय कोषमा रहेको रकम साधारण ब्याजमा लगानी गरिएको छ । अक्षय कोषमा वृद्धिका लागि रकम बिस्तार गर्दै समाजसेवी जयसवालले भने 'मैले आफ्नो जीवनमा गरेका राम्रा कामहरूमध्ये एक पुरस्कारको स्थापना पनि हो । बज्जिका भाषाको विकासमा तुलसी साहित्य पुरस्कारले योगदान दिइरहेको छ भन्ने सुनेर हाम्रो परिवारलाई सन्तुष्टि लाग्ने गरेको छ ।' भविष्यमा पुरस्कारको अक्षय कोषको रकम र पुरस्कारको राशि दुवैमा क्रमशः वृद्धि गरिँदै लगिने प्रतिबद्धता जयसवालले व्यक्त गरेका छन् ।

# सात पालिकाका कर्मचारीले पाएनन् तलबभत्ता

**मधेशदृष्टि**
**सर्लाही ।**
चालु आर्थिक वर्षको पहिलो त्रैमासिकको अन्तिम समय भइसक्दा पनि यहाँका पालिकाको खाता सञ्चालन नहुँदा तलबभत्ता भुक्तानीमा समस्या भएको छ । दशैंलगायत चाडपर्व आइसक्दासमेत कर्मचारीले तलबभत्ता र सामाजिक सुरक्षाभत्ता पाउने लाभग्राहीले रकम पाउन सकेका छैनन् । जसले गर्दा यसपटकको चाडपर्व खल्लो हुने भन्दै कर्मचारी तथा लाभग्राहीहरु निरास छन् ।
जिल्लाको चन्द्रनगर गाउँपालिका–६ की ५३ वर्षीया रतियादेवी माझीले सरकारले दिने सामाजिक सुरक्षाभत्ताले यसपटकको दशैं तिहार मनाउने योजना बनाएकी थिइन् । सोही भत्ता रकमले ६ जनाको परिवारमा खुसी ल्याउने योजना कार्यान्वयन नहुने भएपछि उनी निराश छिन् । 'श्रीमान्को मृत्युपछि परिवारको लालनपालनको जिम्मा मेरै काँधमा छ । घरमा दिगो आम्दानी गर्ने व्यक्ति नहुँदा ज्याला मजदुरीबाट आएको पैसाले परिवारको २ छाक टार्नसमेत मुस्किल छ । भवितव्य परिहाले ऋण गर्नुको विकल्प छैन । यसपटक चाडपर्व सोही रकमले धान्ने योजना थियो तर हालसम्म रकम आएको छैन', उनले भनिन्, '३ महिना बित्न लाग्यो रकम नपाएको, कार्यालयमा जाँदा आएको छैन भन्छन् सरहरुले । दशैंमा बालबालिकालाई मीठो मसिनो ख्वाउन साचेको अब नसकिने भो ।'
जिल्लाको गोडैता नगरपालिका–१, पिपरियाका महेन्द्र कुशवाहा पनि भत्ता नआएपछि छटपटीमा छन् । दमको दीर्घरोगी उनलाई चाडबाडसँगै औषधिमूलो किन्नसमेत समस्या भएको छ । 'भत्ताकै पैसाले औषधि किनेर खाने गरेको छु । आयआर्जनको अर्को उपाय छैन । नातिनातिना दशैं आयो भन्दै आउँछन् । मिठाई किनेर दिनेसमेत क्षमता छैन,' उनले गुनासो गरे ।
उनीजस्तै समस्या छ नगरमा काम गर्ने कर्मचारीहरुको पनि ।कविलसी नगरपालिका–२, स्थित बालगोविन्द जनता मावि पिपरियाका शिक्षक वीरेन्द्र साहले विभिन्न कारणले पालिकाको खाता सञ्चालन हुन नसक्दा तलबभत्तासमेत नपाएको दुःखेसो पोखे । चाडबाडको समयमा तलब नपाउँदा शिक्षकशिक्षिकालाई घरजानसमेत समस्या भएको उनले बताए । 'दशैंजस्तो चाडबाडको समय छ । घरजाँदा छोराछोरीले मीठोमसिनो, लत्ताकपडा माग्छन्, आफूले पारिश्रमिक पाएको छैन । कसरी घर जाने !,' उनले भने ।यस पालिकाकामा आन्तरिक विवादका कारण हालसम्म नगरसभाबाट बजेट पारित हुनसकेको छैन । त्यसैकारण आर्थिक कारोबार ठप्प छ ।यस्तै, बसवरिया गाउँपालिकाको स्वास्थ्य शाखाका सिनियर अहेब जयलाल सहनीले तलबभत्ता नपाउँदा ऋण काडेर चाडबाड मनाउन बाध्य भएको बताए । 'बच्चाबच्चीले तलब आएको छैन भनेर मान्दैन, दशैंको समय छ ।
सबैले लगाएको खाएको देख्छन् । घरमा आएर झगडा गर्छन् । काम गरेको कार्यालयले तलब दिनसकेको छैन', उनले भने ।
माथि उल्लिखित सबै प्रतिनिधि पात्र मात्र हुन् । जिल्लाका ७ वटा पालिकाले समयमै परिषद् गरेर खाता सञ्चालन नगर्दा सामाजिक सुरक्षाभत्ता पाउने लाभग्राही, सयौं कर्मचारी तथा पालिकाको विभिन्न क्षेत्रमा काम गरिरहेका संघसंस्था, कार्यालय तथा कम्पनीहरु प्रभावित बनेका छन् । समग्रमा ८ हजार सामाजिक सुरक्षाभत्ता लाभग्राही, करिब ४५० कर्मचारीले यस्तो समस्या भोगेका छन् । २० पालिका रहेको सर्लाहीमा हालसम्म ईश्वरपुर, गोडैता र कविलासी नगरपालिका तथा पर्सा, बिष्णु, बसवरिया र चन्द्रनगर गाउँपालिकाले परिषद् सम्पन्न गरेका छैनन् ।
स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेको नियमानुसार आवश्यक प्रक्रिया नपु- याएकाले यी पालिकाहरुको खाता सञ्चालनमा नआएको कोष तथा लेखा नियन्त्रण कार्यालय सर्लाहीका निमित्त कोष नियन्त्रक रुपेशकुमार तिवारीले जानकारी दिए । अन्य ८ नगरपालिका र ५ गाउँपालिकाले परिषद् सम्पन्न गरी पहिलो चौमासिक रकम निकासा गरेर नियमित तलबभत्ता वितरण गरिरहेका उनले बताए ।




## बिष्णुपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बिष्णुपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना ।

(दोश्रो पटक प्रकाशित मिति : २०८१/०६/२३)

उपरोक्त सम्बन्धमा यस कार्यालय द्वारा मिति २०८१/०१/१४ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित निम्न बमोजिमको बोलपत्र आव्हान (e-bidding) सम्बन्धि सुचना (Single-Stage: Two-Envelope Bidding Procedure ) तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सुचना अनुसार निर्धारित समय भित्र रितपूर्वक PPMO को E-Procurement Portal मा दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक मुल्यांकन भई खोलिएको आर्थिक प्रस्ताव मध्ये सबै भन्दा कम मुल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही MS Rubi Construction, Malangwa-1, Sarlahi सार्वजनिक खरिद ऐन, २०६३ दफा ६३ को उपदफा २ बमोजिम अयोग्य देखिएको हुनाले पुनः तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको मिति २०८१/६/२२ गतेको निर्णय बमोजिम स्वीकृतिको लागी छनौट गर्ने निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) को दफा २७ को उप-दफा २ तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सुचना प्रकाशन गरिएको छ ।

तपशिल :

| सि.नं | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क र पी.एस समेत) |
|---|---|---|---|---|
| 1. | BRM/Saptari/Work/NCB/01/080/081 | Construction of Secondary School Building with ICT Lab and Library at Bishnupur Ward no. 4, Saptari ) | MS East Nepal-Bhumiputra JV, Dakneshwari-8, Saptari | २,९९,२८,९२०.६०/- |

प्रमुख प्रशासकीय अधिकृत

सम्पादकीय

# चाडबाडमा सुनसान बनेको बजार

*मधेश प्रदेशका दुई ठूला शहर वीरगंज र जनकपुरधाको बजारमा चाडबाडको रौनक देखिएको छ । सर्वसाधारण मठमन्दिर, धर्मकर्ममा सक्रिय देखिए पनि किनमेल शून्यप्रायः हुँदा व्यापारीहरु निरास छन् । वीरगंजका बजार सुनसान छ । बोहनी हुन नसक्ने अवस्था छ । जनकपुरधामको अवस्था पनि यो वर्ष उस्तै देखिएको छ । दशकौंदेखि व्यापार व्यवसायमा होमिएका व्यापारीहरु किनमेलमा सर्वसाधारणको कम उपस्थितले व्यवसायकै विकल्प खोज्नु पर्ने अवस्थामा पुगेका छन् । व्यापार व्यवसायमा देखिएको यो मन्दीले बजार निरुत्साहित छ । पलायन रोज्नु पर्ने देखिन्छ । दशैंतिहार, छठको आगमनमा पनि बजारमा रौनक देखिएको छ । आर्थिक नगरी वीरगंजको बजार भारतीय सीमा बजारकै कारण प्रभावित छ । भारतीय सीमा बजार रक्सौलले चितवन, हेटौंडादेखि आधा मधेश प्रदेशको जिल्लाका ग्राहकलाई तानेको छ । यस्तै, जनकपुरको बजार पनि भारतीय सीमा बजारकै कारण प्रभावित छ । जनकपुरधामा लगाइएको दशैँ मेलासमेत घुमघा गर्न आउनेहरुको भिडले थेगेको छ । कारोबारमा मन्दी छ ।*

*उही रहनसहन, उपभोग्य बस्तु र भेषभूषाले हामी भारतसँग निकै नजिक छौँ । नेपालका अधिकांश सेवाग्राही ससाना सामान किन्न पनि भारतीय बजार रुचाउँछन् । यसको कारण हो, रोजाइ र भेराइटी अनि मूल्य कम्तीमा ३० प्रतिशत भन्दा सस्तो । केही घण्टाको दूरीमा पुगिने भारतीय बजारहरुले विस्तारै नेपाली बजारलाई कसरी खाँदैछ भन्ने उदाहरण पनि हो । वीरगंज, जनकपुरधाम मात्र होइन, नेपाल भारत सीमा क्षेत्रका नेपाली बजार यसरी नै सुनसान हुँदै जान थालेका छन् ।*

*क्यारिङ कम्पनीहरुले पनि पारिबाट नेपालमा सजिलै सामान ल्याइदिने गरेका छन् । नेपाली बजारमा किन्नु भन्दा क्यारिङ कम्पनीबाटै अर्डर गर्दा पनि २० देखि २० प्रतिशत सस्तो हुने भएपछि सर्वसाधारण बजार निस्कने, भिडमा जाने, चर्को तापक्रममा दुःख सहने अवस्थामा छैनन् । नियमितरुपमा यिनै क्यारिङ कम्पनीले धमाधम नेपाली बजारका उपभोक्ताका घरघरमा सामान पुर्याइदिने गरेका छन् । यसले पनि नेपाली सीमाका बजारका लगानी डुबिरहेको पक्का हो ।*

*सीमामा हुने तस्करी नियन्त्रणका प्रयास राम्रो हो । तर सेटिङमा भइरहेको तस्करीले पनि कर तिरेर, ऋणपान गरेर व्यवसाय गरिरहेकाहरु भने मरिरहेका छन् । एकातिर सस्तो बजारले उपभोक्ता भारतीय बजारमा आकर्षित छन् । अर्कातिर तस्करले ओसारेका सामानले बजारमा कब्जा जमाउँदैछ । उपभोक्ताले सस्तो रोज्ने हुन्, तिनलाई कुन तस्करीको, कुन तस्कररहित, मतलब हुने कुरै भएन । यसैले राज्यलाई कर तिरेर व्यापार गर्छु भन्ने सीमाक्षेत्रका नेपाली बजारका व्यापारी मार खाइरहेका छन् । उनीहरुको पलायन रोक्न पहल गर्नु पर्ने समय आइसकेको छ । भारतीय बजारसँग प्रतिस्पर्धा गर्न नसकेरै धेरै पलायन भइसकेका छन् । चाडपर्वमा पनि नचलेको बजार अरु बेला चल्ला र लगानी उठ्ला भनेर उनीहरु आसावादी हुनै सकेका छैनन् ।*

# गाउँगाउँमा दशैँ मेलाः मान्यता र मनोरञ्जन



सम्जय साह मित्र

मधेशको वर्तमान समाजलाई अध्ययन गर्ने हो भने धार्मिक कार्यमा जुटेको अनुभूति हुन्छ । हरेक जसो चोक, बजार र कतिपय अवस्थामा गाउँमा पनि दुर्गा प्रतिमा बनाएर मेला लगाउने चलन बढेको देखिन्छ । प्रतिमा निर्माण गर्दा जुन धार्मिक आस्था, मान्यता तथा संस्कृतिलाई परिपालन गर्ने गरिन्छ, त्यो आफैँमा विशिष्ट रहेको छ । कतिपय गाउँमा दम्भ वा राजनैतिक तथा जातीय कारणले एकभन्दा बढी ठाउँमा प्रतिमा निर्माण गरी पूजा गर्ने र मेला लगाउने गरिएको देखिएको छ । यसले एक किसिमको धार्मिक होडको निर्माण गरेको छ जसलाई विकृति पनि भनिहाल्न कठिन छ । यद्यपि कतिपय यस्तो परिवार छ जो हरेक वर्ष वा भाकल गरिएको अवधिभन्दा एक वर्ष बढीको लागि प्रतिमा बनाएर विधिपूर्वक पूजा गर्दछ । यसरी सार्वजनिक र निजी गरी दुई तरिकाले मधेशमा दुर्गा प्रतिमा निर्माण गरी दशैँ मेला लगाउने प्रवृतिको विस्तार भएको छ।

हरेक गाउँमा रहेको ब्रह्म भगवती स्थान अर्थात् ग्राम देवदेवीको स्थानमा परम्परागत किसिमले पूजा अर्चना हुँदै आएको छ । यसमा हरेक परिवारबाट मानिसहरु पूजा गर्न जान्छन्।

यद्यपि कसैको वंशमा कोही जन्मेको छ वा कसैको मृत्यु भएको छ भने उक्त परिवार वा वंशका सदस्यहरुले पूजा गर्ने चलन रहेको छैन। घरमा पनि पूजा गर्दैनन्। यद्यपि हार्दिक र आन्तरिक भने सम्मान तथा श्रद्धा उत्तिकै रहन्छ। दशैँलाई मधेशमा पारिवारिक तथा सार्वजनिक दुवै रुपमा भव्यतापूर्वक हार्दिक श्रद्धाका साथ मान्ने गरिएको पाइन्छ। दशैँको एउटा पक्ष केही भयको अवस्था पनि हो। दैवी शक्तिप्रति अत्यधिक विश्वासका कारण सर्वसाधारणमा एक किसिमको भय रहन्छ। यस कारणले पनि कतिपय मान्यता तथा विभिन्न बन्धनहरु मधेशको विभिन्न गाउँ तथा क्षेत्र वा भागमा चल्दै आएको छ । वास्तवमा हाम्रो समाजको आध्यात्मिक तथा धार्मिक पक्षलाई केही हदसम्म उजागर गर्ने एउटा विशिष्ट पर्वको रुपमा दशैँ पनि रहिआएको छ। कालान्तरमा दशैको प्रभाव अझ विस्तार हुँदै गएको छ। दशैँलाई मान्नेहरु बढ्दै गएका छन्। यद्यपि मधेशमा दशैँ नमान्ने सायदै कोही हिन्दू होलान्।

दशैँमा देवी दुर्गासहित विभिन्न देवीदेवताको पूजा गर्ने, व्रत बस्ने तथा पाठ गर्ने प्रवृत्ति विस्तार हुँदै जाँदा हरेक गाउँ वा चोकमा दुर्गा प्रतिमाको स्थापना गरी पूजा गर्नु एक किसिमले सामाजिक आवश्यकता भइसकेको छ । अहिले जसरी सामाजिक सञ्जालको विस्तार भएको छ, जसरी गाउँमा पनि इन्टरनेट सेवा पुगिसकेको छ र शिक्षा तथा धार्मिक चेतनाको विस्तार भइसकेको छ । यिनीहरुले गर्दा मधेशमा धार्मिक क्रियाकलाप गर्न पनि सुगम बनाइदिएको छ। टेलिभिजनको प्रभाव, सिनेमा र विभिन्न संचार माध्यमको प्रभावले पनि मानिसहरुमा यस किसिमको चेतनाको विकास भएको छ कि आफ्नो गाउँमा पनि मेला लगाउनु पर्छ। मेला लगाउनु पर्छ भन्नुको अर्थ हो दशैको समयमा दुर्गा र अन्य देवदेवीको प्रतिमा स्थापना गरी विधिपूर्वक पूजा अर्चना गर्नुपर्छ। यससित जोडिएको एउटा प्रधान पक्ष भनेको आइमाईले गर्ने पूजा पनि हो। यदि गाउँमा वा नजिकको चोकमा प्रतिमा स्थापना गरिएको छैन भने जहाँ नजिक पर्छ, त्यहाँ साँझको समयमा गाउँका छोरी चेली तथा महिलाहरु समूह बनाएर गीत गाउँदै हातमा थाली र अन्य विभिन्न पूजा सामग्री लिएर पूजा गर्न जाने गर्दछन्।

दुई चार किलोमिटरसम्म जानुलाई सामान्य मान्न थालिएको छ तर यसभन्दा बढीको दुरी हुँदा गाउँका कतिपय भद्रभलादमीलाई असजिलो लाग्न थाल्छ। सबै जना मिलेर गाउँमा नै दुई वा दुईभन्दा बढी गाउँको बिचमा, पायक पर्ने ठाउँमा दुर्गा प्रतिमा निर्माण गरी मेला लगाउनु पर्दछ भन्ने सोचको विकास हुन्छ। यसरी उपयुक्त समयमा कुनै एकै गाउँका वा एकभन्दा बढी गाउँका मानिस बसेर छलफल गर्दछन्। यसमा यो देखिएको छ कि जसले छलफलको लागि नेतृत्व गर्ने गर्दछन्, उनलाई नै प्रायः सबैले अगुवा वा नेतृत्वकर्ता बनाउने गर्दछन्। कतिपय ठाउँमा एक जनाले मूर्तिमा लाग्ने खर्च, अर्कोले पण्डालको खर्च र अर्कोले नाचको खर्च बेहोरेपछि मेला लाग्ने निश्चित हुन्छ। यदि व्यक्तिभन्दा समाजको पक्ष जहाँ बलियो हुन्छ, त्यहाँ समाजमा चन्दा उठाउने निर्णय गरिन्छ। गाउँका सम्पन्न र पहिचान राम्ररी कायम गरेका, जनप्रतिनिधि र यस्तै गन्यमान्यलाई केही बढी चन्दा लगाइन्छ र उठाइन्छ। गाउँका सर्वसाधारणसित पनि केही चन्दा असुल गरिन्छ र प्रतिमा, पण्डाल र नाचगानको खर्चको जोहो गरिन्छ । पण्डालको निर्माण गरिएपछि त्यसमा अविछिन्न पाठ गर्ने व्यक्तिको खोजी गरिन्छ। बाहुनहरुको एउटा समूहले दुर्गा पाठ घटस्थापनादेखि महानवमीसम्म अविछिन्न गर्दछन्।

बिहान र साँझ विशेष पूजा र आरती हुन्छ। पूजा र आरतीको समयमा गाउँका भद्रभलादमीका साथे आइमाई र सबै व्रतालुहरुको सहभागिता हुन्छ । गाउँमा धार्मिक माहोल बन्दछ। दशैँको अवधिमा कुनै पनि परिवारले मासु पकाउँदैन । अधिकांश मानिस वा परिवार साकाहार बन्दछ। कतिपय मानिस यस्ता पनि हुन्छन् जो अन्न नै खाँदैनन्, फलफूल तथा दूधमा बाँच्दछन्। कतिपय यस्ता हुन्छन् जो नुनजन्य पदार्थको सेवन गर्दैनन् । अर्थात्, दशैँको साधना अनेक किसिमले गर्न थालिएको छ। वैदिक मन्त्रोच्चारदेखि लिएर पूजाको आधुनिक विधि अपनाउनेहरु पनि हुन्छन्। गाउँमा मेला लगाएर पूजा गर्ने चलन जतिसुकै विस्तार भएको भए पनि गाउँको पुरानो देवी मन्दिरमा भने पूजा गर्ने काममा कतै कुनै किसिमले कमी आएको छैन। गाउँमा पूजा गर्नु स्थानीय संस्कृतिको एउटा अंग हो, धरोहर

हो।

गाउँ वा चोकमा मेला लगाउनु एउटा उत्साह पनि हो। हरेकलाई आफ्नो मेलाको अनुभूति हुन्छ। यस उत्साहमा मनोरञ्जनले पनि स्थान पाएको हुन्छ। माथि नै उल्लेख गरिएको छ, अधिकांश ठाउँमा नाचगानको व्यवस्था गरिएको हुन्छ । धेरै नाच त बाहिरबाट नै बोलाइएको हुन्छ। कतिपय ठाउँमा गाउँका युवाहरुले नाटक प्रदर्शन गर्दछन्। कतिपय ठाउँमा झिँझिया प्रतियोगिता वा झिँझिया नाचको प्रतिस्पर्धा तथा प्रदर्शन हुन्छ। तर अधिकांश ठाउँमा भने बाहिरबाट नाच मगाइएको हुन्छ । मधेशमा नाचको ठुलो महत्व रहेको छ तर अहिले नाचले परम्परागत स्वरुप करिब करिब गुमाइसकेको छ। नाचको नाममा अहिले रेकर्डिंग डान्स मात्र हुन्छ। जे होस्, गाउँमा भने मनोरञ्जनको एउटा काम भने गर्दछ। जुन गाउँमा नाच हुन्छ वा मेला लाग्दछ त्यहाँ प्रायः अष्टमीको रातदेखि नै नाच हुन्छ त्यहाँका युवाहरुमा जुन उत्साह हुन्छ, त्यसलाई कुनै पनि पारोमा नाप्न सकिँदैन । युवाहरुमा हुने उत्साह आफ्नै किसिमको हुन्छ । निसन्देह, मेलामा हुने नाचका अत्यधिक दर्शक नवयुवा वा युवा पुस्ता नै हुन्छ। प्रौढ पुस्ताले हेर्ने नाच अब बिरलै पाइन्छ । कतिपयले नाचलाई मोबाइलमार्फत प्रत्यक्ष प्रसारण गरिरहेका हुन्छन् । त्यसैलाई हेरेर चित्त बुझाउने पनि हुन्छन् । मोबाइलबाटै मनोरञ्जन लिनेको संख्या पनि कम हुँदैन।

गाउँको मेला एउटा सम्मान पनि हो । जुन गाउँमा मेला लाग्दछ, त्यस गाउँका पुरुषहरु यस कारण गर्व गर्दछन् कि उनका गाउँका आइमाईहरु अन्य गाउँमा साँझपख पूजा गर्न जानु पर्दैन । मधेशको वार्तमानिक लोकजीवनमा दशैँ एउटा सार्वजनिक पूजाको रुपमा हस्तक्षेप बनेर आइसकेको छ। यसको अन्तर्यमा यो पनि एउटा विशेष पक्ष रहेको छ कि कुनै न कुनै रुपमा विभिन्न रोजगार र पेसामा देशमा रहेका युवा तथा शिक्षितहरु गाउँ फर्कन्छन्।

गाउँमा परिवारसहित फर्किनेले गाउँमा नै कुनै विशेष आयोजन हुँदा आफ्नो पनि योगदान दिन चाहन्छन् । आफ्नो गाउँको सम्मानमा वृद्धि होओस् भन्ने चाहना धेरैको हुन्छ र यो प्रवृत्तिमा झन् विस्तार हुँदै गएको छ । यही कारणले पनि हो, हरेक वर्ष सार्वजनिक रुपमा मेला लगाउने चलनमा विस्तार भइरहेको छ। एकपटक मेला लागिसकेपछि यो मान्यता रहेको छ कि कम्तीमा पाँच वर्ष लगाउनु पर्छ। पाँच वर्ष लाग्नुको अर्थ हो, एक वर्ष ब्याज हुन्छ। र, जहाँ लगातार छ वर्ष मेला लाग्दछ त्यहाँको एउटा संस्कार बन्न पुग्दछ मेला । यसरी मधेशमा मेलाको संस्कृति विस्तार भइरहेको छ र यसमा धार्मिक मनोरञ्जनले पनि विस्तार पाइरहेको छ।

# ‘यसपालि त मनै फाट्यो के ले सिउने के ले टाल्ने हो ?’

सुमित्रा आचार्य



‘पोहोर साल खुशी फाट्दा जतन गरी मनले टाले, यसपालि त मनै फाट्यो के ले सिउने के ले टाल्ने हो ?’ काभ्रेपलाञ्चोक जिल्लाको सदरमुकाम धुलिखेल नपा–११ पाल्लेखेतका ५५ वर्षीय शिक्षक सदानन्द धिताल असोज १७ गते बनेपा आएर अरुणा लामाको स्वरमा गाइएको यो गीत गाउँदै आफ्नो च्यातिएको जुत्ता सिलाउँदै थिए । ‘यसपालीको दशैँ, दशामा परिणत भयो के गर्नु यसैले टार्नुछ,’ उनले भने। उनको ९ रोपनी खेतमा झुलेका धानहरू सबै बगरमा मिसिए। ‘यसपल्ट ५० मुरी फल्थ्यो तर के गर्ने ? बाँचियो त्यसैमा खुशी छु,’ उनले थपे । सदरमुकाम धुलिखेलको तिलखोरिया र नेपानेगाउँ बाढी पहिरोबाट पूरै विस्थापनमा छ । धितालले पढाउने कालीदेवी मावि डाँडागाउँको विद्यालय भवन तलबाट पहिरोले तानेर माथिबाट माटोको ढिस्कोले छोपेको छ । ‘स्कूल खुलेको छैन। पानी रहेपछि स्कूल गएको पूरै पुरिएको रहेछ अनि विद्यार्थीको घर–घरमा गएर अवस्था बुझ्यौँ,’ उनले भने।

शिक्षक सदानन्दलाई आफ्नो थुप्रै सम्पत्ति नोक्सान भए पनि गाउँमा भएका केही घटनाले पीडा दिएको छ। ‘विचरा माधव न्यौपानेले दुई तले पक्की ढलान घर बनाएर वैशाख १ गते नयाँ घरमा सरेका थिए। म आफैँले रूद्री पुजा गरेँ। घरभित्र पहिरो पसेर त्यो घर पूरै बस्न नहुने भएछ ।’ उनलाई धुलिखेल नपा–११ डाँडागाउँका आठ वर्षीय निशान विश्वकर्मा र ५० वर्षीय बद्री गौतमको मृत्यु भएको घटनाले निकै चिन्ता लागेको छ । ‘निशानको आमा ठेलागाढामा सामान बेच्थिन्, पसलको सामान बेच्दै गर्दा पहाडै आएर थिचेछ । काठको ट्रष्टमा बस्थे, विचरा विजोग छ,’ शिक्षक धितालले एक सासमा भने।

पनौती नपा–१ रयाले बत्तीमुनिको अँध्यारो जस्तै छ । अविरल परेको वर्षाका कारण उज्यालो छैन। पिउने पानीको हाहाकार छ। केही सर्वसाधारण बाढीपहिरोमा परेर मरेका छन्। अधिकांश भौतिक संरचना क्षति भएको छ। सार्वजनिक सडक सञ्जालहरू बन्द छन्। पनौती नपा–१ भञ्ज्याङका रामप्रसाद सापकोटाको दुई छोरीलाई पहिरोले लग्यो, पत्नी शान्ति सापकोटा घाइते छिन् । कहिँ निस्केर जाने बाटो छैन। निउरे खोला वडा कार्यालय हुँदै पर्खालचौर बजार र बस्तीमा छिरेर अस्तव्यस्त बनायो । मूलखोला रेन्बो ट्राउट फर्म व्यवसायी रामकृष्ण पराजुलीको पनि बाढी पहिरोले निद हराम भएको छ । बाढीको बेगलाई नियालेका उनले झण्डै ३ हजार केजी माछा गुमाए। उनको भन्दा झण्डै १ सय मिटर माथि महालक्ष्मीका नेत्र तामाङ्गको भैँसी फार्ममा रहेका एक दर्जन भैँसी र दुई दर्जन जति पाडापाडी पहिरोमा पुरिए । मृत चौपायाको उचित उद्धार नभएकाले दुर्गन्ध फैलन थालेको छ । सुरेश तामाङको खानीखोलामा रहेको सबैभन्दा पूरानो ट्राउट फर्म पनि क्षति भएको छ। उनको रेष्टुरेन्टमा प्रयोग हुने सामग्री खोलाभरी छन्। कुच्चिएका गाग्री, टेबुल कुर्सीका खुट्टा बगरतिर यत्रतत्र छन् । उनको परिवार पनि विस्थापनमा छ।

खानीखोला जाने मूलखोलाको पुल पूरै टालिएको छ। बिजुलीका पोलहरू खोलामा लडिरहेका छन् । तारहरू असुरक्षित भएर झुण्डिएका छन् । हिमपाइपहरू खोलाभरी देखिएका छन्। कृष्णबहादुर थापाको लमतन्ने बारीको पाटो बगरमा परिणत भएको छ । आनाको ७ लाख दिँदा नबेचेको जग्गा अहिले पूरै ढुङ्गे बगर भएको छ। समय, मौसम सबै यहाँका मान्छेका लागि प्रतिकूल भएका छन्। बाढीले नबगाएको कुनै नदी किनारका बस्ती र खेतीपाती छैनन्। केही आम्दानी गरौँला भनेर गाई, भैँसी, बाख्रालगायत चौपाया पालेर दुःख गर्नेहरूको पीडा कसले बुझिदिने ?

मूल सडकहरूमा पहिरो पन्छाउने काम थालिएको छ । पनौतीदेखि मानेदोभान जाने बाटोमा बल्ल यातायात चल्नसक्ने अबस्था देखिएको छ । ‘किसान जहिल्यै मर्कामा । कहिले बँदेलको आङ्तक, कहिले बाढी–पहिरो, कहिले पशुमा रोगब्याधी अर्थात महामारी । ‘यति मात्र होइन उचित मूल्यमा उत्पादित फलफूल र अन्नपातले बजार नपाउँदा अर्को समस्या छ,’ विक्रम सापकोटाको दुःखेसो छ। लामदुवालीको फाँट खोलाको किनारका आसपासका सबैजसो खेत, झागमरे कपिल सापकोटाको खेत केही बचेको छैन । पक्की सडकमा धेरै ठाउँ भासिएको छ। उता कमेराखानीमा चित्रप्रसाद सापकोटाको घर पूर्णरुपमा क्षति भएको छ । ‘रातभर जाग्राम बस्यौँ। पछाडिबाट थुनिएको पहिरो खोल्ने प्रयास गर्‍यौँ तर घर जोगाउन सकिएन,’ सापकोटाले भने।

राष्ट्रिय जनगणना २०७८ अनुसार काभ्रेपलाञ्चोक जिल्लामा १ सय ३५ वडामध्ये ५१ वडामा बाढी, १ सय १५ वडामा पहिरो, ४३ वडामा भूक्षय, १८ वडामा डुबान, ५४ वडामा आँधि– हुरी–बतास, ५० वडामा चट्याङ, ४६ वडामा असिना, ४ वडामा अतिवृष्टि, ६ वडामा खण्डवृष्टि, ५३ वडामा सुख्खा र खडेरी, ३६ वडामा आगलागी, ७१ वडामा बन डँडेलो र आठ वडामा कुनै पनि जोखिम नभएको विपतको पूर्व अनुमान छ । खानेपानीको अभाव भएसँगै पानी उमालेर मात्र खानका लागि स्वास्थ्यकर्मीको सल्लाह छ । बाढी पहिरोले खानेपानीमा समस्या भएपछि पनौती नपा–१ रयालेका वडा अध्यक्ष जय लामाले खानेपानी पाइप लगेर बाँढ्न थालेका छन्। बाढी–पहिरोपछि खानेपानीका मुहानहरू पूर्ण रुपमा अवरुद्ध छन्। सदरमुकाम धुलिखेल लगायत बनेपा, पनौती जस्ता सहरहरू समेत खानेपानीको अभाव झेल्दैछन्। यहाँ ल्याएको पानीको मुहान भूमेडाँडालाई नै पहिरोले क्षतविक्षत बनाएको छ । नेपाल खानेपानी संस्थान काभ्रेका सूचना अधिकारी होमप्रसाद चौलागाईंका अनुसार शशिपानी, एकीकृत खानेपानी र मिनरल आयोजना बन्द छ । अधिकांश स्थानका खानेपानीका पाइपहरू बगाएका कारण पानीको हाहाकार छ। केही स्थानमा पुराना मुहान र कुवाहरूको खोजी गरिएको छ।

एक अमेरिकन नागरिकसहित ७५ जनाको मृत्यु भएको छ। सुरक्षाकर्मीद्वारा उद्धार गरेका २२ जनाको धुलिखेल र बनेपास्थित शीर मेमोरियल अस्पतालमा उपचार भइरहेको छ। बाढीपहिरोमा परेका ५० जना उपचार पश्चात घर फर्किएका छन् । अझैसम्म धुलिखेल, तेमाल र चौरीदेउराली गाउँपालिकाका सात जना व्यक्ति परिवारको सम्पर्कमा छैनन् । हराइरहेका छन्।

बाढीपहिरोका कारण समस्यामा परेका सात सय ११ जनालाई नेपाली सेनाले हेलिकोप्टरबाट तथा सशस्त्र, जनपद र सर्वसाधारणले समेत गरी ४ हजार १ सय १० जनालाई आपतकालीन अवस्थामा उद्दार गरिएको छ । बनेपा–बर्दिबास सडकको बीचमा पहिरो आएर समस्यामा परेका ८ हजार ४ सय ७१ जनालाई विभिन्न सवारीसाधनबाट आआफ्नो बासस्थानतिर पठाइएको जिल्ला प्रशासन कार्यालय काभ्रेले जनाएको छ । अरुणा लामाले गाएको गीत झैँ काभ्रेमा भूकम्प र कोरोनाको महामारीबाट उठ्न नपाउँदै बाढी पहिरोले पिरोलेको छ । भूकम्पबाट बल्ल तङ्ग्रिन थालेको काभ्रेमा बाढीपहिरोको बिपत्तिले फेरि यो गीतलाई सम्झायो, ‘पोहोर साल खुशी फाट्दा जतन गरी मनले टाले, यसपालि त मनै फाट्यो के ले सिउने के ले टाल्ने हो?’

# राष्ट्रियसभा अध्यक्ष दाहालसँग रुसी राजदूतको शिष्टाचार भेट

**काठमाडौँ ।**
राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालसँग नेपालका लागि रुसी महासङ्घका राजदूत अलेक्सेइ नोभिकोभले शिष्टाचार भेट गरेका छन् ।

मंगलबार सिंहदरबारस्थित अध्यक्ष दाहालको कार्यकक्षमा राजदूत नोभिकोभले शिष्टाचार भेट गरेका हुन् । भेटमा उनीहरुबीच द्विपक्षीय सम्बन्ध, सहयोग, सहकार्य र संसदीय अनुभव आदानप्रदानलगायत विषयमा कुराकानी भएको अध्यक्ष दाहालको सचिवालयले जनाएको छ । भेटमा अध्यक्ष दाहालले नेपाल–रुसबीच विगतदेखि नै सरकार र जनस्तरसम्म सुमधुर सम्बन्ध रहेको उल्लेख गर्नुहुँदै दुई देशबीचको सहकार्यले आगामी दिनमा यस सम्बन्धलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरे ।

उनले नेपालको सङ्घीय संसद्मा नेपाल–रुस संसदीयमैत्री समूह गठन गरिएको र यस समूहले दुई देशबीचको संसदीय सम्बन्ध तथा अनुभव आदानप्रदान गर्न सहज हुने बताए । नेपाली विद्यार्थीलाई रुसमा अध्ययनका लागि छात्रवृत्तिको सङ्ख्या वृद्धि गर्न आग्रह गर्नुका साथै अध्यक्ष दाहालले काठमाडौं–मस्को सिधा हवाइ सुविधा सञ्चालनका लागि पहल गर्न आग्रह गरे ।

नेपालको कृषि, प्रविधि र ऊर्जाका क्षेत्रमा लगानीका लागि रुसी लगानीकर्तालाई प्रोत्साहित गर्न आग्रह गर्दै अध्यक्ष दाहालले नेपालको पर्यटन प्रवर्द्धनमा थप टेवा पु¥याउन बढीभन्दा बढी रुसी नागरिकले नेपाल भ्रमण गर्ने गरी वातावरण बताउन पनि अनुरोध गरे । यस्तै, रुस–युक्रेन युद्धपछि नेपाली युवा विभिन्न माध्यमबाट रुसी सेनामा भर्ती हुने गरेको घटनाप्रति चासो राख्दै उनले नेपाल सरकारले रुसी सरकारलाई गरेको आग्रहसमेत स्मरण गराएका थिए । त्यस अवसरमा राजदुत नोभिकोभले दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन आपसी हितका साथै सहयोग आदानप्रदान र सहकार्य बढाउँदै जानुपर्ने बताए ।

उनले नेपालमा पर्यटनको सम्भावनाबारे चर्चा गर्नुहुँदै लुम्बिनीमा बौद्ध गुम्बा निर्माण गरिरहेको र उक्त परियोजना सम्पन्न भएपछि रुसका धार्मिक पर्यटकहरूको सङ्ख्या वृद्धि हुने विश्वास व्यक्त गरे । नेपालले जलविद्युत् उत्पादनबाट राम्रो आम्दानी गर्नसक्ने र यस क्षेत्रमा लगानी गर्न रुसका लगानीकर्ता इच्छुक रहेको राजदूत नोभिकोभको भनाइ थियो ।

उहाँले जलविद्युत् उत्पादन, हवाइ सेवा विस्तार, अन्तरिक्षमा संयुक्त उडान, प्रविधिलगायत क्षेत्रमा रुसले नेपालमा काम गर्ने र यसका लागि लगानीको वातावरण बनाउन नेपाल सरकारले सहजीकरण गर्नुपर्नेमा जोड दिए । यस्तै नेपाली विद्यार्थीहरूलाई रुसमा छात्रवृत्तिको व्यवस्था गरिएकाले हाल ४२ जनाले पूर्ण छात्रवृत्तिमा अध्ययन गरिरहेको र केही समयमै छात्रवृत्तिको सङ्ख्या बढाएर दुई सयसम्म पुर्‍याउने योजना राजदूत नोभिकोभले जानकारी दिए । रासस

# विकास निर्माणको शैलीमा आमूल परिवर्तन गर्नुपर्छः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले विकास निर्माणको शैलीमा सामान्य सुधार नभई आमूल परिवर्तन गर्नुपर्ने बताएका छन् ।

लगानी बोर्डको ५९औँ बैठकमा बोर्डका अध्यक्ष एवं प्रधानमन्त्री ओलीले काम रोकिने, ढिलाइ हुने, कानुनी र व्यवहारिक जटिलता हुने स्थितिको अन्त्य गरी प्रभावकारीरूपमा काम गर्न आग्रह गरेका हुन् । 'हामीले सामान्य सुधार (रिफर्म) होइन, रुपान्तरण (प्याराड्याम सिफ्ट) नै गर्नुपर्छ । पुरानापुराना कानुन संशोधन र टालटुल गरेर अब चल्दैन । बोर्डलाई विज्ञ, युवा र ऊर्जावान् जनशक्तिसहित सबलीकरण गर्नुपर्छ', प्रधानमन्त्री ओलीले भने, 'यताबाट उता फाइल पठाउने र अध्ययन–विमर्शकै समय बित्ने अवस्था रहनु हुँदैन । कुनै पनि पक्षको अनुचित दबाब नसही देशको हितमा हुनुपर्ने उचित काम प्रभावकारी रूपमा हुनुपर्छ । त्यसका लागि हामीले फाइल कहाँ पुग्यो भन्ने ट्र्याकिङ प्रणाली कार्यान्वयन गर्दैछौँ । कुनै पनि फाइल सम्बन्धित कार्यालयमा आएको तीन दिनभित्र हुनेनहुने निर्णय दिनुपर्ने पनि निर्णय गरेका छौँ ।'

बैठकमा बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीबाट प्रस्तुत आगामी चार वर्षका लागि रणनीतिक तथा व्यावसायिक कार्ययोजनालाई सैद्धान्तिक स्वीकृति दिएको छ । यस्तै बैठकमा चालु तथा कार्यान्वयनको चरणमा रहेका, सम्झौता र मूल्याङ्कनका चरणमा रहेका विभिन्न परियोजनाबारे जानकारी गराइएको थियो । प्रधानमन्त्री ओली र प्रमुख कार्यकारी अधिकृत ज्ञवाली नियुक्त भएपछि बोर्डको यो पहिलो बैठक हो ।

बोर्डले सरकारको लगानीसम्बन्धी बजेट र खर्च घट्दो रहेको अवस्थामा निजी क्षेत्र र प्रत्यक्ष वैदेशिक लगानी अभिवृद्धि गर्नुपर्ने, अन्तर्राष्ट्रिय लगानी सम्मेलनबाट प्राप्त प्रतिबद्धताबमोजिम काम हुनुपर्ने, स्वदेश र विदेशमा लगानी प्रवर्द्धनको काम गर्नुपर्ने, एकल विन्दु सेवा केन्द्रलाई पूर्ण कार्यान्वयनमा ल्याइ छिटो छरितो काम गर्नुपर्नेमा जोड दिएको छ । यस्तै विद्यमान कानुन संशोधन गरी बोर्डलाई अधिकार सम्पन्न र स्वायत्त बनाउनुपर्ने, प्रदेश र स्थानीय तहमा लगानी सहजीकरणका लागि विशिष्टीकृत केन्द्र स्थापना गर्नुपर्नेमा जोड दिएको छ । बैठकले बोर्डको चालु आर्थिक वार्षिकका लागि रु १८ करोड ८३ लाख बजेट तथा प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन सम्झौता करारका सूचक स्वीकृत गरेको छ । बैठक लगत्तै बोर्डका अध्यक्ष एवं प्रधानमन्त्री ओली र कार्यकारी अधिकृत ज्ञवालीबीच कार्यसम्पादन सम्झौता भएको छ । लगानी बोर्डले रु छ अर्बभन्दा माथि लगानी भएका परियोजना तथा २०० मेगावाटभन्दा माथि क्षमताका जलविद्युत् परियोजना सहजीकरण गर्दै आएको छ । रासस

# राष्ट्रिय सङ्कल्प पूरा गर्न सरकार प्रयत्नशील छः अर्थमन्त्री



**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वर्तमान सरकार श्रमिकको हकहितको रक्षा गर्दै असल औद्योगिक श्रम सम्बन्धमार्फत 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय सङ्कल्प पूरा गर्न क्रियाशील रहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय ट्रेड युनियन महासङ्घको २६औँ क्षेत्रीय परिषद्को मंगलबार यहाँ उद्घाटन गर्दै उनले समयानुकूल श्रमिकको न्यूनतम पारिश्रमिक समायोजन गर्ने नीति कार्यान्वयन हुँदै आएको बताए ।

कार्यस्थलमा भोग्नुपर्ने समस्या नयाँ रूपमा प्रकट भएको बताउँदै उपप्रधानमन्त्री पौडेलले श्रमिकका समस्या विश्वभर एकै किसिमका भएकाले समाधानका लागि सामूहिक प्रयास जरुरी छ भने । नेपालको संविधानले कानून बमोजिम ट्रेडयुनियन खोल्न पाउने, सामूहिक सौदाबाजी गर्न पाउनेलगायत अधिकार स्थापित गरेको र रोजगारीको हकलाई मौलिक हकमा समावेश गरेको उल्लेख गर्दै उहाँले श्रमिकलाई रोजगारीको हक, सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति गराउन सरकार संवेदनशील रहेको बताए ।

अर्थमन्त्रीले श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउन सरकार लागिपरेको भन्दै मर्यादित श्रमसम्बन्ध कायम गरेर औद्योगिक वातावरण बनाउन सरकार क्रियाशील रहेको बताए वर्तमान सरकार श्रमिक र उद्यमीबीच सुमधुर सम्बन्ध कायम गर्दै औद्योगिक वातावरण बनाउन प्रतिबद्ध रहेको उनले बताए । सरकारले सबैले काम गर्न पाउने अधिकार सुनिश्चित गर्दै श्रम शक्तिलाई देशको मुख्य सामाजिक आर्थिक शक्तिका रूपमा आत्मसात् अर्थमन्त्रीले बताए । श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी सिर्जना गर्ने नीति सरकारले लिएको उनले बताए । अर्थमन्त्री पौडेलले भने,'श्रम शक्तिलाई देशको मुख्य सामाजिक आर्थिक शक्तिका रूपमा आत्मसात् गरेको छ । श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी सिर्जना अभिवृद्धि गर्ने नीति सरकारको छ ।' नेपाल ट्रेड युनियन कांग्रेसका महासचिव अजयकुमार राईले जलवायु परिवर्तनका कारण देशले ठूलो जनधनको क्षति व्यहोर्नु परेको वास्तविकता सुनाउँदै हरेक दिन काम गरेर आफ्नो र परिवारको भरणपोषण गर्नुपर्ने श्रमिक वर्गका समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

दुई दिवसीय सो परिषद्मा नेपाल टे«ड युनियन कांग्रेस, अखिल नेपाल टे«ड युनियन महासङ्घ, नेपाल टे«ड युनियन महासङ्घका प्रतिनिधिका अवाला एसिया–प्रशान्त क्षेत्रका ट्रेड युनियन आन्दोलनका अभियन्ता तथा सहभागी छन् । रासस

# राष्ट्रपतिसमक्ष निर्वाचन र महिला आयोगका प्रतिवेदन प्रस्तुत



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष निर्वाचन आयोग र राष्ट्रिय महिला आयोगका बेग्लाबेग्लै वार्षिक प्रतिवेदन प्रस्तुत भएका छन् ।

निर्वाचन आयोग र राष्ट्रिय महिला आयोगले आर्थिक वर्ष २०८०÷८१ मा सम्पादन गरेका कामहरूको वार्षिक प्रतिवेदन मंगलबार राष्ट्रपति भवनमा आयोजित बेग्लाबेग्लै कार्यक्रममा राष्ट्रपतिसमक्ष प्रस्तुत गरिएको हो ।

राष्ट्रपति पौडेलसमक्ष प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया र राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले आ–आफ्ना आयोगका प्रतिवेदन प्रस्तुत गरे । त्यस अवसरमा राष्ट्रपति पौडेलले आवधिक निर्वाचन सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र मुलुकको विकास एवं स्थायित्वको एउटा आधार हो भने । उनले निर्वाचनका माध्यमबाट जनताले लोकतान्त्रिक हकअधिकार प्राप्त गर्नसक्ने हुँदा यो लोकतन्त्रको सुन्दर र अपरिहार्य पक्ष भएको धारणा व्यक्त गरे ।

साथै उहाँले महिला आयोगको प्रतिवेदन ग्रहण गरेपछि धेरै प्रयासका बाबजुद केही क्षेत्रमा महिलाको उपस्थिति आशलाग्दो देखिए पनि जनसङ्ख्याको आधा हिस्सा ओगटेको वर्गको निर्णायक तहमा प्रतिनिधित्व अझै सन्तोषजनक छैन भने । 'तर, जनजीवनका अन्य महत्वपूर्ण क्षेत्रमा महिलाको उपस्थिति र योगदानलाई अझ प्रभावकारी माध्यमबाट सुनिश्चित गर्नुपर्ने देखिएको छ,आगामी दिनमा त्यसमा आयोगले अझ सशक्त र प्रभावकारी रूपमा काम गर्ने मेरो विश्वास छ', राष्ट्रपति पौडेलले भन्नुभयो । रासस

# यस्ता छन् मन्त्रीपरिषद् बैठकका निर्णय

**काठमाडौं ।**
सरकारले थप ५७ वटा अहिलेसम्म खुला नभएका हिमालहरूलाई आरोहणका लागि खुला गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले थप ५७ वटा हिमाल खुला गर्ने निर्णय गरेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत रहेका थप हिमालहरूको आरोहणका लागि अनुमति दिने निर्णय भएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिए ।

यस्तै सरकारले २०८१ कार्तिक १९ देखि २३ गतेसम्म इजिप्टको कायरोमा आयोजना हुने वर्ल्ड अरबान फोरम सम्मेलनमा सहभागी हुनका लागि उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहलाई पठाउने निर्णय गरेको छ । त्यसैगरी २०८१ कार्तिक १ देखि ३ गतेसम्म रशियामा आयोजना हुने २२ औँ इन्टरनेशनल स्पोर्ट्स फोरममा सहभागी हुन युवा तथा खेलकुदमन्त्री तजुलाल चौधरीलाई पठाउने प्रस्ताव पनि मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको छ । यस्तै सरकारले आर्थिक सुधार सुझाव आयोग गठन गरेको छ । पूर्वअर्थसचिव रामेश्वरप्रसाद खनालको संयोजकत्वमा ५ सदस्यीय सो आयोग गठन गरेको हो । प्रवक्ता गुरुङले मुलुकको समग्र अर्थतन्त्रको सुधारका लागि राय दिने कार्यादेशसहित सो आयोग गठन गर्ने निर्णय सरकारले गरेको बताए ।

मन्त्रिपरिषद् बैठकले सेयर तथा ऋण लगानी नीति २०८१ समेत स्वीकृत गरेको छ ।

# यो पटक राजनीतिक दलहरुले चियापान नगर्ने

**काठमाडौं ।**
अविरल वर्षा, त्यसपछिको बाढी पहिरोका कारण देशमा ठूलो मानवीय तथा भौतिक क्षेति भएकाले यो पटक देशका प्रमुख राजनीतिक दलहरूले दसैँ, तिहार र छठ पर्वको अवसरमा चियापान कार्यक्रमको आयोजना नगर्ने भएका छन् ।

सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले बाढीपहिरोले जनता शोकमा रहेकाले चियापान कार्यक्रम नगर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए । असोज ११ र १२ गते आएको बाढीपहिरोले धेरै जनधनको क्षति भएको छ । जनता शोकमा रहेकाले यसपटक पार्टीको तर्फबाट चियापान कार्यक्रम नहुने पार्टीहरुले जनाएका हुन् । एमालेले हरेक वर्ष कोजाग्रत पूर्णिमाको अघिल्लो दिन चियापान समारोह राख्दै आएको थियो । यस्तै प्रमुख सत्ता घटक नेपाली कांग्रेसले पनि चियापान नगर्ने निर्णय गरिसकेको छ । कांग्रेसले हरेक वर्ष पूर्णिमाको दिन चियापान गर्दै आएको थियो । यस्तै प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले पनि बाढी पहिरोले धेरै जनधनको क्षति भएकाले पार्टीले चियापान कार्यक्रम नगर्ने निर्णय गरेको छ । पार्टीको तर्फबाट हुने चियापान कार्यक्रम स्थगित गरिएको माओवादीले जनाएको छ ।

# प्रधानमन्त्रीद्वारा 'समृद्धिको अन्तर्वस्तु' लोकार्पण



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले प्राध्यापक तत्व तिम्सिनाद्वारा लिखित 'समृद्धिको अन्तर्वस्तु' लोकार्पण गरेका छन् ।

प्रधानमन्त्री निवासमा मंगलबार उक्त पुस्तक लोकार्पण गर्दै उहाँले हरेक प्राणीको चाहना सुख भए पनि मानवलाई सम्मानित तथा सुरक्षित जीवन यापनका निम्ति गरिबी अन्त्य गरी 'समृद्ध विश्व, सुखी मानवजाति' तर्फको यात्रामा अग्रसर हुनुपर्नेमा जोड दिए । हरेक व्यक्तिले सम्मानित जीवन बाँच्न पाउनुपर्नेमा जोड दिँदै प्रधानमन्त्री ओलीले समृद्धिका बारेमा विमर्श गर्दा वातावरण संरक्षणलाई बिर्सन हुँदैन भने ।

लेखक तिम्सिनाले प्रधानमन्त्री ओलीको अवधारणा 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षाको आलोकमा खुसी र सुखको वैज्ञानिक विश्लेषण पुस्तकमा गरिएको जानकारी दिए । समृद्धि अध्ययन तथा अनुसन्धान केन्द्रद्वारा प्रकाशित उक्त पुस्तकमा समृद्धिलाई मन, मस्तिष्क र मनस्थितिका आधारमा विविध सामाजिक र आर्थिक पक्षको लेखाजोखा गरिएको छ । रासस

**Government of Madhesh Province**
**Ministry of Industry, Commerce and Tourism**
**Madhesh Province, Janakpurdham**

**Invitation for E-Bids**
**Date of first Publication: 2081-06-23 (9th Oct, 2024)**

1. Ministry of Industry, Commerce and Tourism, Madhesh Province, Janakpurdham invites electronic bids from eligible bidders for following works:

| S. N | Contract Identification Number | Description and Location of Work | Total Estimated Amount (Exclusive VAT) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Bid Submission date |
|---|---|---|---|---|---|---|
| 1 | **01/GOODS/MOICT/081/082** | **Procurement of Tractor Drive 06 Seater Mobile Toilet** | **NA** | **2,55,000** | **3000** | **11th Nov, 2024 12 Noon** |

1. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement at www.bolpatra.gov.np/egp PPMO's portals specified in the bidding data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account Number: 1000100200010000, Rajashwa (Revenue) Heading No- 14229, Office Code No. 3070017012 (of MoICT-Madhesh Province) in Rastriya Banijya Bank Ltd.
2. Bid must be accompanied by a Bank Guarantee issued by A Class Commercial Bank in Nepal drawn in favor of the MoICT, Madhesh Province, in the format supplied in the bid document or the form acceptable to the MoICT, Madhesh Province. If the Bidder wishes to submit bid security in the form of cash, the cash should be deposited in: Account Name: Pradesh Lekha Niyantrak Karyalay, Janakpurdham, Account Number: 1220100202030000, Bank Name: Rastiya Banijya Bank, Janakpurdham.
3. A Pre-bid Meeting shall be held at MoICT Madhesh Province on 28-10-2024 12:00 hrs. at the date and time Specified.
4. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.
(Further detail regarding the notice of Invitation for Bids, interested bidders are requested to visit the notice board of MoICT, Madhesh Province, Janakpurdham)

# बाढीपहिरोबाट काभ्रेमा ४२ करोड बढीको क्षति

**काभ्रेपलाञ्चोक ।**
हालैको बाढीपहिरोले काभ्रेपलाञ्चोकको ११ हजार ६८० रोपनी क्षेत्रफलमा लगाएको बालीमा क्षति पुगेको भएको छ । बाढीपहिरोले जिल्लाका १३ वटै स्थानीय तहमा उक्त क्षेत्रफलमा लगाइएको धान, मकै, आलु, तरकारीलगायत अन्य बालीमा क्षति पुगेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ ।
जिल्लामा सात हजार दुई सय परिवारले लगाएको बालीको प्रारम्भिक क्षतिको अनुमान अनुसार ४२ करोड ६३ लाख रुपैयाँ रहेको उक्त कार्यालयका प्रमुख कुलप्रसाद दवाडीले जानकारी दिए । सबैभन्दा धेरै पनौती नगरपालिकामा नौ करोड ४१ लाख, धुलिखेल नगरमा पाँच करोड ४८ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।
कार्यालयले सार्वजनिक गरेको कृषि क्षतिको विवरणअनुसार छ सय ६९ दशमलव आठ हेक्टर क्षेत्रफलको धान, ३० हेक्टरको मकैबाली तथा चार सय २७ दशमलव ७९ हेक्टर क्षेत्रफलको अन्य कृषि बालीमा क्षति पुगेको जनाइएको छ । यस्तै दुई हजार नौ मेट्रिकटन धान, ८४ मेट्रिकटन मकै, चार हजार दुई सय मेट्रिकटन तरकारी तथा अन्य बालीमा गरी कुल छ हजार तीन सय ७१ मेट्रिकटनमा अनुमानित गिरावट आउने उल्लेख गरिएको छ ।
यसैबीच जिल्लामा बाढीपहिरोबाट करिब चार हजार पशुपन्छी हताहत भएका अनुमान गरिएको छ । सबैभन्दा धेरै पनौती नगरमा २ हजार १०० पशुपन्छी मरेका छन् । जिल्लास्थित पशु सेवा कार्यालयका निमित्त प्रमुख निशान्त गेलालका अनुसार जिल्लाका १३ वटै तहबाट तथ्याङ्क सङ्कलन जारी छ । जिल्लाका सबै भागमा सञ्चार सम्पर्क कायम नभएका कारण यकीन विवरण प्राप्त हुन केही दिन लाग्ने उनले बताए ।
बाढीपहिरो र डुबानबाट अतिप्रभावित तीन दर्जनभन्दा बढी स्थानीय तहलाई राहत तथा पुनर्निर्माणलाई प्राथमिकता दिन सरकारले शुक्रबार 'विपद् सङ्कटग्रस्त क्षेत्र' घोषणा गरेको थियो। सरकारले तीन महिनाका शंकटग्रस्त क्षेत्र घोषणा गरेमध्ये काभ्रेपलाञ्चोकको रोशी, तेमाल, बेथानचोक, चौँरीदेउराली र महाभारत गाउँपालिका तथा पनौती, नमोबुद्ध, मण्डनदेउपुर नगरपालिका छन् ।
जिल्लाको १३ स्थानीय तहमध्ये पाँचखाल नगर, महाभारत र खानीखोला गाउँपालिकाबाहेक १० तहमा बाढीपहिरोमा परी ७८ जनाले ज्यान गुमाएका, पाँच जना बेपत्ता रहेका तथा ७५ जना घाइते भएका जिल्ला प्रहरी कायालयले जनाएको छ । वर्षाजन्य विपद्मा परी काभ्रेपलाञ्चोकमा ३३ महिला, २९ पुरुष, नौ बालक र सात बालिकाको मृत्यु भएको छ । रासस

# साफ महिला च्याम्पियनशिप फुटलब प्रतियोगिताको तयारी पूरा

**काठमाडौँ ।**
नेपालमा आयोजना हुने दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) महिला च्याम्पियनशिप फुटबल प्रतियोगिताको तयारी पूरा भएको अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ । आगामी कात्तिक १ देखि १४ गतेसम्म दशरथ रङ्गशालामा हुने उक्त प्रतियोगितामा नेपालसहित माल्दिभ्स, पाकिस्तान, श्रीलङ्का, भारत, भूटान र बङ्गलादेश सहभागी हुने एन्फाले जनाएको छ । प्रतियोगिताको तयारीका लागि नेपाली राष्ट्रिय महिला टोलीका मुख्य प्रशिक्षक राजेन्द्र तामाङको नेतृत्वमा बन्द प्रशिक्षणमा २७ खेलाडी रहेको एन्फा प्रवक्ता सुरेश शाहले जानकारी दिए । उनले प्रतियोगितामा सहभागी टोलीलाई एन्फा कम्प्लेक्सको खेल मैदान, नेपाली सेनाको भद्रकाली र लगनखेल खेल मैदान र सेन्ट जेभियर्सको खेल मैदानमा प्रशिक्षण गर्ने व्यवस्था मिलाइएको बताए । प्रतियोगिताको अनुमानित बजेट चार करोड ६० लाख आठ सय रुपैयाँ रहेको आयोजकको भनाइ छ । रासस

# क्षतिको मूल्याङ्कन गरी स्थानीय तहमा बजेट दिइने

**काठमाडौँ ।**
सरकारले बाढीपहिरोबाट स्थानीय तहहरूमा भएको क्षतिको मूल्याङ्कन गरी आवश्यकताअनुसार बजेट उपलब्ध गराउने भएको छ ।
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सोमबारको मन्त्रिपरिष्द्को बैठकका निर्णय मंगलबार सार्वजनिक गर्दै भने,'कतै धेरै क्षति भएको छभने कतै थोरै । क्षतिको मूल्याङ्कन गरेर सम्बन्धित स्थानीय तहमा बजेट पठाउन सरकारले गृहकार्य गरिरहेको छ ।'
मन्त्री गुरुङले सङ्कटग्रस्त ४९ स्थानीय तहको सङ्ख्या बढ्नसक्ने जानकारी दिँदै क्षतिको पूर्ण विवरण गृह मन्त्रालयले केही दिनमै सरकारलाई उपलब्ध गराउने बताए । मन्त्रिपरिषद्को निर्णयअनुसार थाइल्यान्डको बैङ्ककमा आगामी कात्तिक ६ देखि ८ गतेसम्म आयोजना हुने 'ट्रान्सफर्मिङ केयरः बिल्डिङ अलाइन्स,इम्पावरिङ वुमन, रिसेपिङ इकोनोमिक्स' कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौड्याल अधिकारीलाई सहभागी हुन स्वीकृत प्रदान गरिएको छ ।
मन्त्रिपरिषद्ले चालु आर्थिक वर्षका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत विभिन्न आयोजनाका लागि दुई सय ६६ राजपत्राङ्कित पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ । आगामी कात्तिक १ देखि ३ गतेसम्म रसियामा आयोजना हुने 'एक्स एक्स आइआई इन्टरनेसनल स्पोटस फोरम रसिया–कन्ट्री अफ स्पोर्टस' कार्यक्रममा युवा तथा खेलकुदमन्त्री सहभागी हुने र आरोहणका लागि थप ५७ वटा हिमाल खुला गर्न स्वीकृत दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।हुलाक सेवा विभाग र अन्तर्गतका निकायहरूको सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्ने, दूरसञ्चार (दशौँ संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने, २०८१ कात्तिक १९ देखि २३ गतेसम्म इजिप्टको कायरोमा आयोजना हुने 'वल्ड अर्बान फोरम–१२' सम्मेलनमा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री सहभागी हुन अनुमति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । यसैगरी यही असोज २७ मा जर्मनीको बर्लिनमा हुने 'कम्युनिटी हेल्थ डेलिभरी पार्टनरशिप इभेन्ट ड्युरिङ द वल्ड हेल्थ समिट–२०२४'मा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीलाई सहभागी हुन अनुमति दिने, शेयर तथा ऋण लगानी नीति, २०८१ र बीउबिजन नियमावली, २०८१ स्वीकृत गर्ने निर्णय भएको छ । रासस

# उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन

**काठमाडौँ ।**
सरकारले उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेको छ । अर्थ मन्त्रालयको प्रस्तावमा सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले पूर्वअर्थसचिव रामेश्वर खनालको अध्यक्षतामा विज्ञ सम्मिलित पाँच सदस्यीय आयोग गठन गरेको हो ।
आयोगका सदस्यहरूमा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्राडा रामप्रसाद ज्ञवाली, अर्थविद् डा. विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा.कल्पना खनाल रहेका छन् । आयोगले आवश्यकताअनुसार निजी क्षेत्रलगायत अर्थतन्त्रका विविध पक्षहरूसँग परामर्श गर्नेछ ।उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आयोगले सबै पक्षसँग परामर्श र छलफल गरी नेपालको अर्थतन्त्रलाई गतिशील बनाउँदै सही मार्गमा अघि बढाउन आवश्यक सुझाव दिने विश्वास व्यक्त गरे । अर्थ मन्त्रालयले एक सय दिनमा पूरा गर्ने कामको सूचीमा उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरिने बुँदा पनि समावेश थियो । सोही अनुसार उक्त आयोग गठन भएको हो । आयोगले कार्यविधि भने आफैँ तय गर्ने अर्थ मन्त्रालयले जनाएको छ । रासस

# बङ्गलादेशमा सुधारअघि चुनाव हुँदैनः युनुस

**ढाका ।**
बङ्गलादेशका अन्तरिम सरकार प्रमुख मुहम्मद युनुसले चुनावका लागि मिति तय गर्न अस्वीकार गर्दै चुनावअघि सुधार आवश्यक रहेको बताएका छन् ।
गत अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहको परिणामस्वरूप पूर्वप्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गरी नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसलाई बङ्गलादेशको अन्तरिम सरकार प्रमुख नियुक्त गरिएको थियो । कार्यवाहक सरकारको नेतृत्व गरिरहेका युनुसले प्रथम आलो अखबारले प्रकाशित गरेको अन्तर्वार्तामा आफूमध्ये कसैको पनि लामो समयसम्म सरकारमा बस्ने लक्ष्य नभएको बताए ।
'सुधारहरू महत्वपूर्ण छन्, तपाईं भन्नुहुन्छ, चुनाव गर, हामी चुनाव गर्न तयार छौँ तर सुधारअघि पहिले चुनाव गर्नु गलत हुनेछ', उनले भने । हसिनाको १५ वर्षेको शासनकालमा विरोधीहरूको सामूहिक नजरबन्द र गैरन्यायिक हत्यासहित व्यापक मानवअधिकार हनन भएको थियो ।
हसिना सत्ताबाट हट्नुअघि सातामा छ सयभन्दा बढी मानिस आन्दोलनमा मारिएको राष्ट्रसङ्घीय प्रारम्भिक प्रतिवेदनले जनाएको थियो । प्रतिवेदनमा सम्भवतः उक्त सङ्ख्या कम थियो भनिएको छ ।
हसिना सरकारले अदालत र निजामती सेवाको राजनीतिकरणसहित शक्तिको दुरुपयोग गरी लोकतान्त्रिक पद्धतिलाई ध्वस्त पार्न एकतर्फी चुनाव गरेको आरोप पनि लगाइएको थियो । युनुसले सार्वजनिक प्रशासनको विरासत पूर्ण रूपमा बिग्रिएको बताउँदै यसलाई भविष्यमा निरङ्कुशतामा फर्कनबाट रोक्न व्यापक सुधारको आवश्यकता रहेको उल्लेख गरे । सुधारको अर्थ विगतमा जे भयो त्यसलाई नदोहो¥याई आवाश्यक सुधार गर्ने रहेको उनको भनाइ थियो ।
युनसले हसिनाको सरकार अपदस्थ भएपछि हत्याको आरोपमा पक्राउ परेका धेरै राजनीतिज्ञ र वरिष्ठ अधिकारीहरूको बारेमा गरिएको आलोचनालाई पनि खारेज गरेका छन् । यी गिरफ्तारीहरूले युनुसको कार्यवाहक सरकारले हसिनाको शासनका वरिष्ठ व्यक्तिहरूमाथि राजनीतिक मुद्दा चलाउने आरोप लगाएको छ । यद्यपि युनुसले पक्राउ परेका व्यक्तिहरू विरुद्ध सुरु गरिएको कुनै पनि आपराधिक मुद्दा सरकारी हस्तक्षेपबाट मुक्त रहने अभिप्राय पटकपटक व्यक्त गर्दै आएका छन् । साथै उनले न्यायिक प्रणालीमा सुधार भएपछि मुद्दा अगाडि बढ्ने बताएका छन् । रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट



**काठमाडौँ ।**
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक २७ दमलव ३९ अङ्कले ओरालो लागेर दुई हजार छ सय ६३ दशमलव ३२ मा सीमित भएको छ ।
ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ५५ अङ्कले ओरालो लागेर चार सय ८० दशमलव २३ मा सीमित भएको छ । कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । कूल एक करोड तीन लाख ३० हजार पाँच सय दुई कित्ता शेयर चार अर्ब ५९ करोड ३७ लाख २७ हजार दुई सय ४४ रुपैयाँ मूल्यमा खरिद–बिक्री भएको छ ।
नेप्सेका अनुसार, मिड सोलु हाइड्रोपावर १०, बुटवल पावर कम्पनी छ दशमलव ८३, माण्डु हाइड्रोपावर छ दशमलव ३१, प्रभु स्मार्ट फन्ड पाँच दशमलव ९६ र थ्री स्टार हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ४४ प्रतिशतले कमाएका छन् ।
इस्टर्न हाइड्रोपावर आठ दशमलव ५०, बुद्धभूमि नेपाल हाइड्रोपावर सात दशमलव २४, नेपाल फाइनान्स छ दशमलव ९८, बोटलर्स नेपाल तराई पाँच दशमलव ८८ र कालीञ्चोक दर्शनका लगानीकर्ताले पाँच दशमलव ५० प्रतिशतले गुमाएका छन् । रासस

# आफ्नो पूर्वाधारमा आक्रमण नगर्न इजरायललाई इरानको चेतावनी

**तेहरान ।**
इरानले मङ्गलबार गत साता इरानको क्षेप्यास्त्र प्रहारपछि तेल वा आणविक केन्द्रहरूमा सम्भावित इजरायली आक्रमणको आशङ्काबीच इजरायललाई आफ्ना कुनै पनि पूर्वाधारमा आक्रमण नगर्न चेतावनी दिएको छ ।
'इरानमा कुनै पनि पूर्वाधारमाथि आक्रमण भए यसले अझ बलियो प्रतिक्रिया निम्त्याउनेछ', सरकारी टेलिभिजनले विदेशमन्त्री अब्बास अराघचीलाई उद्धृत गर्दै भनेको छ ।
इजरायलले आफ्नो प्रमुख शत्रुमाथि अक्टोबर १ मा गरेको क्षेप्यास्त्र आक्रमणको जवाफ तयार गरिरहेको बताएपछि अराघचीले त्यस्तो चेतावनी दिएका हुन् । इरानले पछिल्लो छ महिनामा इजरायलमाथि गरेको यो दोस्रो आक्रमण थियो ।
सोमबार एउटा आधिकारिक बयानमा अराघचीलाई उद्धृत गर्दै इरानले क्षेत्रमा युद्ध नचाहेको बताएको थियो ।
अमेरिकी राष्ट्रपति जो बाइडेनले शुक्रबार इजरायललाई इरानका तेल प्रतिष्ठानहरूमा आक्रमण नगर्न सावधान गराउनुभएको थियो । इरान विश्वका शीर्ष १० कच्चा तेल उत्पादकमध्ये एक हो ।
इस्लामिक रिभोल्युसनरी गार्ड कप्रसका जनरल रसुल सनाइरदले आइतबार इजरायललाई आणविक वा ऊर्जा केन्द्रहरूमाथि हुने कुनै पनि आक्रमणले 'चेतावनी स्तर' पार गर्ने चेतावनी दिएका थिए । फार्स समाचार एजेन्सीले इजरायलको धम्कीपछि सनाइरदलाई उद्धृत गर्दै भनेको छ,'केही राजनीतिक नेताहरूले इरानको आणविक नीतिमा सम्भावित परिवर्तनको कुरा गरेका छन् ।'
सन् २०२२ मा एक अधिकारीले इरानसँग आणविक हतियार उत्पादन गर्ने प्राविधिक क्षमता रहेको बताएपछि इरानले आफ्नो आणविक महत्त्वाकांक्षामा कुनै परिवर्तन नभएको कुरामा जोड दिएको थियो । गत वर्ष इरानले युरेनियम संवर्धनको गति कम गरे पनि त्यसपछि सन् २०२३ को अन्त्यतिर अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका अनुसार ६० प्रतिशत संवर्धित युरेनियमको उत्पादनलाई तीव्र बनाएको थियो ।
सैन्य प्रयोगका लागि करिब ९० प्रतिशत संवर्धन स्तर आवश्यक पर्दछ । इरानले आणवक हतियार क्षमता विकास गर्ने कुनै महत्त्कांक्षा राखेको कुरालाई सधैँ अस्वीकार गर्दै आएको छ र आफ्ना गतिविधिहरू पूर्ण रूपमा शान्तिपूर्ण रहेको कुरामा जोड दिँदै आएको छ । इरानी आणविक केन्द्रहरूमा हुने कुनै पनि आक्रमणले 'इरानको प्रतिक्रियाको प्रकारमा प्रभाव पार्ने' जनरल सनाइरदले बताए ।
तेहरानले इजरायलमाथि गरेको आक्रमणमा करिब दुई सय क्षेप्यास्त्र प्रहार गरिएको बताएको छ । बेरुतमा भएको हवाई आक्रमणमा इरान समर्थित लेबनानी आन्दोलन हिजबुल्लाहका नेता हसन नसरल्लाह र तेहरानमा हमासका राजनीतिक नेता इस्माइल हानियाको मृत्युको जवाफमा उक्त आक्रमण गरेको इरानले बताएको थियो । रासस

# कोरियाले पाँच लाख अमेरिकी डलर बराबरको सहायता गर्ने



काठमाडौँ ।
गणतन्त्र कोरिया सरकारले हालैको विपद्पछिको पुनःनिर्माणका लागि नेपाललाई पाँच लाख अमेरिकी डलर बराबरको मानवीय सहायता उपलब्ध गराउने भएको छ ।
नेपालस्थित कोरियाली दूतावासले त्यहाँको सरकारले मंगलबार यस्तो निर्णय गरेको जनाएको हो । यस सहयोगबाट विपद्पछिको पुनःनिर्माण तथा पुनःस्थापना र ती क्षेत्रका बासिन्दाहरूलाई छिट्टै आफ्नो नियमित दैनिक जीवनमा फर्कन मद्दत गर्ने अपेक्षा कोरिया सरकारले गरेको दूतावासले जनाएको छ ।
यसैबीच कोरियाका विदेशमन्त्री चो ताए–युल्कनले परराष्ट्रमन्त्री डा आरजु राणा देउवालाई सन्देश पठाउँदै नेपालमा आएको बाढीपहिरोबाट भएको क्षतिप्रति दुःख व्यक्त गर्नुभएको जनाइएको छ ।
कोरियाली सरकारले विकास तथा सहयोगमा नेपाललाई प्राथमिकतामा राखेको र यसले दुई देशबीचको सहकार्य र मैत्रीपूर्ण सम्बन्धलाई थप मजबुत बनाउने उल्लेख गरेको छ । नेपाल र गणतन्त्र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पुगेको छ । रासस

# पन्ज्युनयाँ क्रिकेट लिगको तयारी तीव्र

**बैतडी ।**
दोगडाकेदार गाउँपालिका–६ पन्ज्युनयाँमा सञ्चालन हुने तेस्रो संस्करणको पन्ज्युनयाँ क्रिकेट लिगको तयारी तीव्र पारिएको छ । दोगडाकेदार गाउँपालिकाको प्रायोजन तथा शुशितम युवा क्लबको आयोजनामा हुने प्रतियोगिता यही असोज २८ गतेदेखि सुरु हुँदैछ ।
प्रतियोगिता मिति नजिकिएसँगै तयारी तीव्र पारिएको आयोजक शुशितम युवा क्लबका सचिव जगदीशसिंह कार्कीले जानकारी दिए । वडा नं ६ स्थित पन्ज्युनयाँ खेलमैदानमा सञ्चालन हुने प्रतियोगिताका लागि मैदान व्यवस्थित, खेलाडी टोली दर्तालगायतको काम जारी रहेको छ ।
प्रतियोगिताका लागि खेल टोली दर्ता खुल्ला गरिएको र सहभागी हुन चाहने टोलीले असोज २५ गतेसम्म नाम दर्ता गराइसक्नुपर्ने शुशितम युवा क्लबका सदस्य अशोक कार्कीले जानकारी दिए । खेलाडी टोली दर्ता शुल्क रु १२ हजार ५०० राखिएको छ ।
प्रतियोगिताको विजेता टोलीले एक लाख ५५ हजार ५५५ रुपैयाँ ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार पाउने आयोजक शुशितम युवा क्लबका अध्यक्ष वीरसिंह कार्कीले बताए । यस्तै, उपविजेता टोलीले ५५ हजार ५५५ रुपैयाँ ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार दिइनेछ । यसका साथै सेमिफाइनलबाट बाहिरिने टोलीलाई सान्त्वनास्वरूप१०/१० हजार रुपैयाँ, सर्वोत्कृष्ट खेलाडीले ११ हजार १११ रुपैयाँ, सर्वोत्कृष्ट ब्याटर र बलरले समान सात हजार ७७७ रुपैयाँ, उदीयमान खेलाडीलाई तीन हजार ३३३ रुपैयाँ र प्रत्येक खेलका उत्कृष्ट खेलाडीले एक हजार १११ रुपैयाँ पुरस्कार पाउने जनाइएको छ ।
प्रतियोगितामा जिल्लाभित्र र बाहिरका टोली पनि सहभागी हुन पाउनेछन् । सहभागी हुने टोलीले चारजना विदेशी खेलाडी राख्न पाउने जनाइएको छ । खेल टेनस बलले खेलाइने र एलबिडब्लू आउट लागू नहुने आयोजकले जनाएको छ ।
प्रतियोगिताले क्रिकेटको विकासका साथै खेलाडी उत्पादनमा सहयोग पुग्ने विश्वास गरिएको गाउँपालिकाका अध्यक्ष चक्र कार्कीले बताए । यसअघि सम्पन्न पहिलो संस्करणको पन्ज्युनयाँ क्रिकेट लिगको उपाधि दोगडास्टार क्लब र दोस्रो आयोजक शुशितम युवा क्लबले जितेको थियो । रासस

# शहरको ग्रामीणीकरण रोकौं, गाउँको शहरीकरण गरौंः भट्टराई

*"बसाइँसराइलाई अर्थ–राजनीतिक प्रक्रियाबाट बुझ्नुपर्छ । मानिस स्वभावैले घुमन्ते जाति हो । त्यसो त, आफ्नो ठाउँमा सबै प्राणी घुम्छन् नै । यो क्रम अलि विकसित भएर घुम्न जाने र घुमेर झन् विकसित भएर फेरि घुम्ने द्वन्द्वात्मक अन्तरसम्बन्धमा आधारित हुन्छ । गत करिब ७० हजार वर्षदेखि होमोसेपियन्स प्रजाति अफ्रिकाबाट फैलियो र त्यो घुमेको घुम्यै छ । यति धेरै घुमेको छ कि त्यसका रूप, रंग र भाषा संस्कृतिमा असाध्यै धेरै अन्तर आएको छ । उनीहरूले २०० भन्दा बढी राज्य बनाएका छन् । मान्छे विभिन्न कारणले लडिरहेका छन् । यही क्रममा गाउँ र शहर बने । यो पृष्ठभूमिमा प्रवासन÷बसाइँसराइको मुख्य तीन कारण छन् ।*



पहिलो, मानिस आफू भएको भन्दा उन्नत ठाउँ र जीवनको खोजीमा लाग्छ । स्वाभाविक रूपमा अवसर पाउँदा कम उन्नत ठाउँबाट बढी विकसित ठाउँतिर जान्छ । दोस्रो, प्राकृतिक÷सामाजिक विपत्ति, द्वन्द्व आदिका कारण आफू बसेको थातथलो छोडेर मानिस नयाँ ठाउँमा जान्छ । तेस्रो, मानिस नयाँ–नयाँ चिजको खोजी गरिरहने, एउटै विषयसँग खुसी नहुने, अलि प्रयोग गरिरहने प्रवृत्तिको सौन्दर्यशास्त्रीय चेत भएको प्राणी पनि हो । रमाइलोदेखि सुविधा र सुरक्षाका लागि मान्छे घुमिरहन्छ, एक ठाउँबाट अर्कोमा सरिरहन्छ ।

**नेपालमा बसाइँसराइ**

हामीले नेपालको परिभाषा नै अहिलेसम्म ठिक ढंगले गर्न सकिरहेको छैन । युरोप, अमेरिका, भारत, चीन सबै ठाउँका सबै मानिस घुमन्ते जाति हौं । नेपाल भौगोलिक रूपमा हिमालदेखि मैदानसम्म ठडिएको एउटा भ¥याङ जस्तो भूभाग भएकोले यहाँ फरक–फरक पर्यावरणीय क्षेत्रहरू छन् । यी भौगोलिक क्षेत्रमा ऐतिहासिक कारणले पनि फरक–फरक प्रकृतिका मानिस आएर बसेका छन् । उत्तर हिमाली क्षेत्रतिर उत्तर तिब्बत, मले लगायतबाट आएका मानिस बसे । बीचको पहाडतिर मध्य एशियातिरका अलि शीतोष्ण खालका मानिस आएर बसे । दक्षिणपट्टिको भागमा अफ्रिका जस्ता गर्मी ठाउँ हुँदै आएर बसे । यसरी ऐतिहासिक कारण पनि जातीय, धार्मिक र सांस्कृतिक विविधता सहित मूलतः तीन धारका मानिसहरूको नेपालमा बसोबास भयो । अर्थ–राजनीतिक कारण खोतल्दा सुरुमा घुमन्ते युगपछि केही खेतीपाती गर्ने अभ्यास भए र त्यहीं आसपास बस्न थाले । अहिले बीसौं शताब्दीको अन्त्यसम्म पनि हामी त्यही कृषिप्रधान अर्थतन्त्रमै बाँधिएर बस्यौं । भर्खर–भर्खर मात्रै औद्योगिक, बजार र पूँजीवादी अर्थतन्त्रको विकास हुँदै विश्वसँग जोडिन थालेका छौं । त्यहीक्रममा बसाइँसराइको प्रवृत्ति एउटा रफ्तारमा अगाडि बढेको छ । खासगरी सुगौली सन्धि पछि नेपाल राज्य बन्यो र त्यसपछि बसाइँसराइको क्रम बढ्न थाल्यो । एउटा त राज्य विस्तारको क्रममा सहभागी ठूलो युवा जनशक्ति पछि बेरोजगार भयो र तिनलाई रोजगारीका निम्ति पहिले अंग्रेजहरूले भारतमा लगे । पछि त्यही प्रवृत्ति हुँदै गएर पहिलो र दोस्रो विश्वयुद्धमा विदेशीसँग लड्न जाने अभ्यास हुँदै आजको प्रवृत्ति विकास भयो । त्यो सकिएर आएपछि फेरि गाउँघर बस्ने कुरा भएन, भारतका शहर–बजारतिर श्रम गर्न जान थाले । त्यसले गाउँबाट विदेशतिर जाने एउटा प्रवृत्ति बन्यो ।

हाम्रोमा अलि ठूला भनिने मान्छेहरू झुरुप्प बस्दिनासाथ शहर भनिदिन्छन् । तर कृषि पेशाबाट उद्योग, सेवा, व्यापार, व्यवसाय लगायत औद्योगिक र गैरकृषि पेशामा परिणत भएको समुदाय र त्यसले निर्माण गरेको बस्ती प्रणालीलाई नै शहर भन्ने हो । कृषिमा संलग्न मानिस छरिएर बस्छन् तर, गैरकृषिजन्य पेशामा संलग्न मानिसहरू उद्योग र सेवा क्षेत्रको उत्पादन प्रणालीका कारण मान्छे स्वतः नजिक नजिक बस्न बाध्य हुन्छन् । यसरी शहरीकरण हुन्छ । त्यस्तै, औद्योगिक र व्यापारिक अर्थतन्त्रको विकास सँगसँगै गाउँबाट शहरतिर जाने क्रम बढ्यो । काठमाडौं उपत्यकाकै तीनवटा ठूला बस्तीहरू नै व्यापारिक केन्द्र हुँदै शहर बने । पछिल्लो चरणमा १९औं शताब्दीको अन्त्य र २०औं शताब्दीको सुरुमा भारतबाट रेलहरू नेपाली सिमानासम्म आए । त्यतिबेला नै काठ बेचेर त्यसको आम्दानीमा व्यापार गर्ने प्रवृत्ति बढ्यो । विराटनगरदेखि वीरगञ्ज, भैरहवा, नेपालगञ्ज, धनगढीसम्मका शहरहरू त्यसक्रममा बन्यो । त्यसले विस्तारै गाउँका मानिस सर्दै जाने प्रवृत्ति बढेको हो । पछिल्लोचोटि पचासको दशकपछि ९० को दशकसम्म लोकतन्त्रीकरणसँगै अर्थतन्त्रमा खुलापन बढोत्तरी हुनथाल्यो । ९० को दशकपछि झन् बढी खुलापन आयो । विश्व अर्थतन्त्रमा पनि परिवर्तन आयो र त्यसले हाम्रो प्रवासनको प्रक्रिया अगाडि बढ्यो । यसरी असुविधा र असुरक्षा लगायतका आन्तरिक कारणले विकर्षण (पुस) फ्याक्टर सक्रिय हुन्छ र मानिस नयाँ गन्तव्यमा धकेलिन्छ । अर्को, छिमेक वा अन्यत्र रोजगारी लगायत राम्रो सुविधा रह्यो भने त्यसको आकर्षण (पुल फ्याक्टर) ले पनि आप्रवासन बढ्ने गर्छ । खासगरी ९० को दशकपछि र अझ सन् २००० यता नेपालको कृषिप्रधान अर्थतन्त्र भत्कियो । खुला बजार भएपछि भारत र चीनको अर्थतन्त्रको विकासले वस्तुको आयात गरेर उपभोग गर्नु बढी सजिलो भयो । यहाँ उत्पादन गर्नुभन्दा आयातित वस्तु सस्तो भएपछि हाम्रो परम्परागत कृषिले राम्रोसँग रोजगारी दिन सकेन । फलतः हाम्रो कृषि झन् भत्कियो । औद्योगिक क्षेत्रमा यथोचित रूपान्तरण गर्न नसक्दा उद्योगधन्दाको विकास हुन सकेन । मुख्यतः भारतसँगको खुला सिमाना र त्यहाँका ठूला उद्योगसँग प्रतिस्पर्धा गर्न नसक्ने कारणले हाम्रो आन्तरिक उद्योगहरू बन्नु त कता हो कता, भएका पनि भत्किए । गाउँको मानिस शहर आउँदै गर्दा केही मानिस पहिलेदेखि नै भारतका कोलकाता, मद्रास, बैंग्लोर लगायत शहरहरू गइरहेका थिए । अहिले पनि सबैभन्दा ठूलो संख्या भारततिरै गइराखेको छ । गाउँका गरिबसँग न दक्षता छ, न अरू देश जान पार गर्नुपर्ने झन्झटिलो र खर्चिलो प्रक्रिया पूरा गर्न सक्ने अवस्था छ ।

**श्रम आप्रवासन**

संसारको ठूलो संख्या झण्डै २५ करोड मानिस घुमफिर गर्दा रहेछन् । तीमध्ये ७० प्रतिशत अल्पविकसित देशका रहेछन् । तीमध्ये पनि अल्पविकसित देशबाट विकसित देशतिर जाने जम्मा १५÷१६ प्रतिशत मात्रै हुँदारहेछन् । बाँकी ८०–८५ प्रतिशत विकसित देश जान सक्दैनन् । ती जाने अल्पविकसित देशमध्येकै ग्लोबल साउथका अलि बढी विकसित मलेसिया, खाडीतिरै हो । विकासका कारण जनशक्तिको बढ्दो मागसँगै हाम्रो जनशक्ति त्यता ओइरिन थाल्यो । किनकि अहिले पनि हाम्रो ६० प्रतिशत जनसंख्या कृषिमै आश्रित छ । त्यसले सम्मानजनक रोजगारी दिन सक्दैन । त्यसैले परिवारमा नसक्ने सदस्य घरमा बसेका छन् भने सक्ने जति विदेशिएका छन् । यसरी पछिल्लो चरणको प्रवृत्ति हेर्दा आकर्षण र विकर्षण दुवै कामयावी भए पनि अझ विकर्षण तत्व बढी प्रभावी रह्यो । यो पृष्ठभूमिमा नेपालबाट बाह्य आप्रवासन ह्वात्तै बढ्यो । अझ पछिल्लो चरणमा शिक्षित जनशक्ति बढेको र सामाजिक सञ्जालले संस्कार संस्कृतिमा प्रभाव परेर मध्यम वर्गमा उक्लिएका एउटा वर्गको सन्तान खासगरी पढ्न विदेशिने र उनीहरूका अभिभावक पनि सँगै जाने प्रवृत्ति बढिरहेको छ । सन् २०२३ को तथ्याङ्क अनुसार साढे ७ लाख नेपाली श्रम गर्न बाहिर गएका छन् भने एक लाख १२÷१५ हजार युवा पढ्न गएका रहेछन् । यसरी झण्डै ८÷९ लाख मानिस त्यसरी गए जुन रेकर्डेड छन् । अनरेकर्डेड भएर भारत लगायतका देश एकै वर्ष १८–२० लाख गइरहेका छन् । गत वर्ष त सबैभन्दा बढी नै बहिर्गमन भइरहेको देखिन्छ । अलिअलि पश्चिमा देशतिरको आकर्षण बढेको भए पनि कुल संख्या हेर्दा त्यति ठूलो होइन । ५० हजार, १ लाख नै गयो भने पनि त्यो ठूलो संख्या होइन । यसमा सामाजिक सञ्जालको प्रभाव परेका युवाको अप्पर मोबाइल वर्ग अर्थात् माथि उक्लँदै गरेको वर्ग बढी सक्रिय देखिन्छ ।

**नेपालमा शहरीकरण भएकै छैन**

प्रक्रियागत रूपमा हेर्दा नेपाल वास्तवमा शहरीकरण भएकै छैन । मैले ४० वर्ष अगाडिको मेरो थेसिसमा पनि शहरीकरणका खास सूचक बारे लेखेको थिएँ । गैरकृषिजन्य पेशाको बाहुल्य, यातायात, पानी, ढल निकास, बस्ती विकास लगायत न्यूनतम सेवा–सुविधा हुनुपर्छ । त्यस्तै, बसोबासको जनघनत्वको पनि न्यूनतम आधार हुनुपर्छ भन्ने आधारमा शहर र गाउँको वर्गीकरण गरिन्छ । तर नेपालको शहरहरूमा पनि खासै त्यस्तो देखिंदैन । अहिले कानुनी रूपमा नगरपालिका भनेर घोषणा गरेका छौं तर ती अधिकांश गाउँले इलाका नै हुन् । नगरपालिका घोषणा हेर्दा नेपालमा ६० प्रतिशतभन्दा बढी शहरीकरण भएको देखिए पनि नेपालमा शहरी जनसंख्या २७ प्रतिशत मात्रै पुगेको छ । पछिल्लो शहरीकरणको मापदण्ड अनुसार भने जनसंख्या बढीमा ३० प्रतिशत होला । ७० प्रतिशत जनसंख्या त अझै गाउँले परिवेशमै बस्छ । नेपालको सन्दर्भमा यो शहर र गाउँको अवधारणालाई औपचारिक वर्गीकरण भन्दा पनि वास्तविक अभ्यासका हिसाबले हेर्नुपर्छ । पहिले ग्रामीण भेगमा मान्छे थिए बाटो थिएन । अहिले बाटो जाँदैछ मान्छे छैनन् । संक्रमणकालीन समाजको चारित्रिक विशेषता यस्तै हुन्छ । त्यसैले शहरको ग्रामीणीकरण हैन, गाउँको शहरीकरण गर्ने नीति÷योजना अनुसरण गर्नुपर्छ । हाम्रोमा गाउँको शहरीकरण हुनुपर्ने हो । यो भनेको गाउँतिर शहरी सुविधा– भौतिक पूर्वाधार, बसोबास प्रणाली र आधुनिकताका अन्य मापदण्ड पुग्नुपर्ने हो । तर भएका शहरहरूमा उही गाउँको पछौटेपन गइरहेको छ र एकप्रकारले शरणार्थीहरू थुप्रिएर फोहोर बढेको छ । नदीनाला ढलमा परिणत भएका छन् । खुला ठाउँ बाँकी पनि छैन । मान्छे पूरै कंक्रिटको जंगल बनाएर बसिरहेको छ । यो त शहरको ग्रामीणीकरण भयो । ग्रामीण भनेको पछौटेपन बुझिन्छ । यसरी हाम्रो गाउँको शहरीकरण हुनुपर्ने ठाउँमा शहरको ग्रामीणीकरण भइरहेको छ ।

**दोसाँधमा फसेको नेपाल**

हाम्रोमा जे भइरहेको छ त्यो अस्वाभाविक होइन । इतिहासमा एउटा प्रणाली भत्किएको र अर्को प्रणाली नबनिसकेको संक्रमणकालमा हुने यस्तै हो । आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक प्रणालीलाई पूँजीवाद, समाजवाद, सामन्तवाद जुनसुकै नाम दिए पनि सामान्य भाषामा कृषिप्रधान र गैरकृषिप्रधान अर्थतन्त्रको दोसाँधमा नेपाल रहेको छ । यो भनेको कृषिप्रधान अर्थतन्त्र भत्कियो तर औद्योगिक अर्थतन्त्रको विकास भएन । यस्तो दोसाँधमा नेपाल केही दशकयता नेपाल फसेर बसेको छ । यो लम्ब्याइएको संक्रमणकाल बन्यो । भन्न त हामी यति वर्षमा यति सरकार बने भनेर राजनीतिक अस्थिरताको कुरा गर्छौं । यो त बाहिर देखिने सूचक मात्रै हो । अन्तर्यमा हेर्ने हो भने जनताको परम्परागत जीवनशैली, पारिवारिक सम्बन्ध, उत्पादन प्रणाली लगायत धेरै कुरा भत्कियो । प्रेम, विवाह जस्ता मान्यता सामाजिक सञ्जाल लगायतको कारण सबै भत्किएको बेला प¥यो । अर्को योभन्दा उन्नत प्रणालीले आकार लिइरहेको छैन । यसको गाउँ र शहरमा प्रभाव राम्रो देखिएन । परम्परागत ढंगको गाउँ आत्मनिर्भर हुन्थ्यो । पर्यावरण स्वच्छ हुन्थ्यो । सांस्कृतिक सम्बन्धहरूमा सामूहिकता बढी हुन्थ्यो । अहिले त्यो पनि भत्किएको छ । सामाजिक सञ्जाल र मानिसको आवतजावतले गर्दा भुइँफुट्टा, सुकुलगुण्डे संस्कृति गाउँघरतिर प्रवेश गरिरहेको छ । अर्थतन्त्रको हिसाबले भन्दा तात्तो–न–छारोको पत्रु खाना, कोकाकोला जस्ता पेय पदार्थको उपभोग बढ्दा खानपानको अभ्यास पनि बिगारेको छ । यसरी गाउँ पनि भताभुङ्ग भएको छ । यता शहरको त झन् जग नै छैन । औद्योगिक अर्थतन्त्र विकास भएको छैन । गाउँले शरणार्थीहरू मात्रै आएर बसेको र रेमिट्यान्सको भरमा विदेशबाट आयातित वस्तुको खपत गर्ने ठाउँ बनेको छ । फोहोर फ्याँक्ने ठाउँ जस्तो शहर बनेको छ । त्यसले न शहर शहर जस्तो छ न गाउँ गाउँ जस्तो । तर यो अवस्था सधैं रहँदैन ।

**संसारबाट के सिक्ने ?**

अन्यत्र पनि यस्तो थिएन भन्ने होइन । यूरोप अमेरिकामा पनि सय डेढ सय वर्ष पहिले त्यस्तै भएको थियो । अहिलेको चिल्लो शहर हुनुअघिको विगत कस्तो थियो, बिर्सनुहुँदैन । संसारको सबैभन्दा राम्रो भनिने पेरिस पनि कुनै बेला हाम्रो जस्तै लद्दु शहर थियो । त्यहाँका कठोर स्वभावका गृहमन्त्री हसम्यानले पूरै लिंड्को लगाएर सुकुम्बासी बस्तीलाई भत्काइदिएर योजनाबद्ध रूपले हरियाली पेरिस शहर बनाएका हुन् । त्यसरी जबरजस्ती सुकुम्बासी बस्ती हटाउनुलाई हसम्यानाइजेसन भनिन्छ । नेपालमा त केही पनि भएकै छैन । यहाँ त बाँदरे प्रवृत्ति छ । आफू पनि नगर्ने, अरूलाई गर्न पनि नदिने । जेहोस् संक्रमणकालमा यस्तो हुन्छ । कृषिप्रधान अर्थात् सामन्ती युगीन अर्थतन्त्र र प्रणाली भत्किएर पूँजीवादी औद्योगिक अर्थतन्त्र विकास नभएको संक्रमणमा हुने प्रवृत्ति, चरित्र, गुण र लक्षण अहिले नेपालमा छ । तर सधैं यस्तो भइराख्नुपर्छ भन्ने छैन । यसलाई योजनाबद्ध र सचेतन ढंगले सोचेर लैन सक्दा सकिन्थ्यो । विश्वकै ५७ प्रतिशत जनसंख्या शहरी भइसक्यो, जुन बढेर ७०–८० प्रतिशतसम्म हुन्छ । संसार नै यो दिशातिर गइरहेको छ । त्यसैले नेपाललाई पनि त्यो प्रक्रियाबाट रोक्न सक्दैनौं । त्यसैले व्यवस्थित शहरको योजना बनाऔं भनेर अर्थमन्त्री र प्रधानमन्त्री हुँदा मैले शहरी विकास मन्त्रालय भनेर अलग्याइदिएँ । काठमाडौं उपत्यका राजधानी भएको शहर हो । यसलाई व्यवस्थित गर्न काठमाडौं उपत्यका विकास प्राधिकरण बनाएर योजना कार्यान्वयन गर्नुपर्छ । अरू शहरहरूमा पनि पूर्वाधार विकास गर्न मध्यपहाडी लोकमार्ग, हुलाकी लोकमार्ग र उत्तर–दक्षिणका करिडोरहरू निर्माण गरेर क्रसिङ प्वाइन्टहरूमा ठूला खालका शहरहरू बनाउनुपर्छ । त्यसका भित्रभित्र साना–साना शहर बनाउने योजना मैले अगाडि बढाएको थिएँ । यसरी ठूला, मध्यम र साना शहरका शृङ्खला निर्माण गरेर सम्पूर्ण देशको बस्ती प्रणाली बनाउनुपर्छ भन्ने अवधारणा मैले अगाडि सार्न खोजेको थिएँ । तर हाम्रो राज्य प्रणालीले अहिले पनि स्थायी आकार लिन सकिरहेको छैन । त्यसैले अस्तव्यस्तताको अवस्था छ । यो गम्भीर छ । दोस्रो, हामी संघीयतामा जानुपथ्र्यो, गयौं । यो सकारात्मक विषय हो । तीन तहको संघीयताको अभ्यासमा संघीय राजधानी, प्रदेश राजधानी र स्थानीय तहका केन्द्रहरूलाई नवोदित शहरको रूपमा योजनाबद्ध ढंगले अगाडि सार्ने राम्रो मौका थियो हामीलाई । भुइँचालो गएको बेला कम्तीमा यो एउटा दुर्घटना भए पनि यसलाई राम्रो अवसर दिन सक्छ भनेको थिएँ । भत्किएका गोरखादेखि सिन्धुपाल्चोक–दोलखासम्म व्यवस्थित शहरीकरण गरौं भनेको थिएँ । जस्तो– गोरखामा माथिल्लो र तल्लो बेल्टमा दुई तीन वटा शहर बनाउन सकिन्थ्यो । मध्यपहाडी लोकमार्गको छेउछाउमा सल्यानटार, नुवाकोट हुँदै सिन्धुपाल्चोकसम्मका तल्ला बेल्टमा योजनाबद्ध बस्ती विकास गरौं र भीर–पखेरामा बस्ती नबसाऔं भनेको थिएँ तर त्यसरी काम भएन । त्यसैले विपत्तिले पनि बसाइँसराइ ल्याउँछ । प्राकृतिक विपत्तिले दिएको नयाँ अवसर हामीले गुमायौं । व्यवस्थित शहरीकरणतर्फ जान सकेनौं । फेरि पनि संघीयता अन्तर्गत स्थानीय तहका केन्द्रहरूलाई इमर्जिङ टाउनका रूपमा योजनाबद्ध रूपमा अगाडि लैजान सक्नुपर्छ । मूलतः हाम्रो जनसंख्याको फ्लो तराईमधेशतिरै स्वतः नै छ । आर्थिक कारण र अन्य आकर्षण गर्ने (चुम्बकीय) गुणले पनि उता तान्छ । त्यसैले हुलाकी राजमार्गलाई छिटो पूरा गरेर वरिपरिका राजविराजदेखि सिरहा लगायतका शहरहरू कस्तो कस्तो कुण्ठित भएर बसिराखेका छन्, तिनलाई पनि जीवन दिनुपर्छ । तराई मधेशमा व्यवस्थित खालको शहरीकरण गर्न सक्छौं । पहाडमा पनि मध्यपहाडी लोकमार्गको बीचबाट १० वटा शहर बनाउने भन्यौं । १० भन्दा पनि साना–ठूला अलि धेरै नै शहरहरू विकास गर्नुपर्ने थियो । कोशी, गण्डकी र कर्णाली उत्तर–दक्षिण करिडोरका क्रसिङहरूमा अलि ठूला र मध्यम खालका शहरहरू र स्थानीय तहका केन्द्रहरूमा साना शहरहरू बनाउन सक्यौं भने व्यवस्थित शहरीकरण हुनसक्छ । र जनसंख्याको वितरण पनि हुनसक्छ ।

**मेरो आदर्शः कस्तो गाउँ, कस्तो शहर ?**

वास्तवमा गाउँ र शहर भन्ने नै हुनुहुँदैन । वस्तुगत रूपमा बस्ती प्रणालीहरू हुन्छन् तिनको सेवा प्रवाहको कारणले अलग अलग साइज हुन्छ । त्यसको सिद्धान्त नै छ । ठूलो शहरले ठूला, मध्यमले मध्यम र सानाले साना प्रकृतिका सेवाहरू दिन्छ । यसरी सेवाको आधारमा तिनको आकार बन्ने हो ।

त्यो त शास्त्रीय ढंगले निर्माण हुनेक्रममा स्वस्फूर्त ढंगले हुन्छ । अब त स्वस्फूर्त होइन योजनाबद्ध ढंगले नै हामी गर्न सक्छौं । विश्व अर्थतन्त्र, क्षेत्रीय र राष्ट्रिय अर्थतन्त्र पनि मान्छेको चेतना, चलायमानता र कनेक्टिभिटीका कारण जोडिएर गएको छ । यसरी योजनाबद्ध ढंगले नै शहरको वरिपरि पेरी अर्बान अर्थात् काँठको विकास गर्नुपर्छ । हामी काँठ भनेर अलि गिज्याउन खोज्छौं । काँठलाई शहरका सुविधाबाट निकट राख्ने र गाउँले स्वच्छ प्राकृतिक चरित्र पनि कायम राख्न सकियो भने अबको स्थिति भनेको मेगासिटी, कंक्रिट जंगलहरू बनाउनु सट्टा इन्टिग्रेटेड खालको क्षेत्रीय विकास संरचनाहरू बनाउने र स्वतः नै सेवाहरूको केन्द्रीकरणले केही अलि ठूला हुनु त पर्छ । अहिले हामीले गरिरहेको अभ्यासलाई बदलेर नेपालको सन्दर्भमा हिमाल, पहाड, तराईको प्राकृतिक बनोटको कारणले पनि योजनाबद्ध ढंगले जानसक्ने सुविधा हामीलाई छ । काठमाडौंलाई फास्ट ट्र्याकबाट जोडेर यहाँको राष्ट्रिय राजधानी नै हटाएर सांस्कृतिक शहरको रूपमा राख्नुपर्छ । राष्ट्रिय राजधानीमा प्रशासनिक कामहरू गर्ने न हो । यसका लागि हेटौंडा, चितवन, सिन्धुली वा धुलिखेल कतै लैजान सकिन्छ । यसरी मेगासिटीको नाममा भइरहेको अत्यधिक केन्द्रीकरण रोक्न सकिन्छ । अलि विकेन्द्रित र मध्यम खालको शहर बनाउँदा हुन्छ । गाउँ विशुद्ध खालको गाउँ र पूरै छरिएको हुनुहुँदैन किनभने त्यो कृषि अर्थतन्त्रको बेलामा ठूलो जमिनको वरिपरि बस्नुपर्ने र जमिन सार्न नसकिने हुनाले छरिएका बस्ती बनेका हुन् । अब त्यस्तो प्रकारको निर्वाहमुखी कृषि अर्थतन्त्रको युग गइसक्यो । जसले उत्पादकत्व बढाउँदैन, त्यसको जरुरत छैन । ठूलो स्केलका हजारौं बिघा जमिनका फार्महरू बनाउन पनि हाम्रो भूगोल त्यति उपयुक्त छैन । त्यसैले मध्यम स्तरका कृषि फार्म बन्न सक्छन् । त्यसैले अहिले जस्तो छरिएको भन्दा १५–२० हजार जनसंख्या भएका बस्तीहरू सामान्यतः १० हजारभन्दा माथिकालाई पनि शहरी क्षेत्र भन्ने प्रचलन छ । २५–३० हजार जनसंख्या भएका शहर र त्यसको वरिपरि खुला ठाउँ प्रशस्त राख्न सक्यौं भने काँठ (पेरी–अर्बान एरिया) जस्ताको बाहुल्य भएको बस्ती विकास गर्नुपर्छ । काठमाडौं, पोखरा जस्ता केही शहरहरू त प्राकृतिक रूपमै बन्छन् । १५–२० वटा त्यस्ता शहर बन्लान् । तर अरू अधिकांश बस्ती भने पेरी अर्बान एरियाहरू बनाएर जहाँ शहरी सुविधा, ग्रामीण वातावरण र संस्कार र संस्कृतिहरू हाम्रो मौलिकता सहितको कायम राखेर जान सक्ने सम्भावना छ । त्यसअर्थमा नेपाल एउटा हरित विकासको एउटा राम्रो नमूना हुनसक्छ । कार्बन उत्सर्जन हुने ऊर्जाको प्रयोग नगर्ने, जलविद्युत्, हावा र सौर्य ऊर्जा, हाइड्रोजन ऊर्जा लगायत प्रयोग गर्ने र जनसंख्याको अति ठूलो केन्द्रीकरण नगर्ने, मध्यम स्तरको पेरी अर्बान खालका बस्तीहरू निर्माण गर्ने र अर्थप्रणाली पनि केही कृषि, केही कृषि–पर्यटन खालका व्यवसायहरू र बढी अहिलेको इन्टरनेट प्रविधि मैत्री खालका जोडिएका ज्ञान र अन्य आवश्यक सेवाहरू हुन्छन् त्यस्ता ढंगको गरियो भने र त्यसले योजनाबद्ध ढंगले र स्पेसहरू प्रशस्त मात्रामा राखेर सांस्कृतिक केन्द्र र भूउपयोग योजना राम्रोसँग बनाएर राख्यौं र अलि प्राकृतिक संरक्षण पनि ठिक ढंगले गर्न सक्यौं भने सुन्दर ठाउँ बन्न सक्छ । हाम्रो जस्तो जुन भिरालो जमिनहरू छन् त्यहाँ बसोबास गराउने र त्यहाँ बाटो लगायतका पूर्वाधार बनाउने गलत काम भइरहेको छ । त्यसलाई रोकेर ती ठाउँमा एग्रो फरेस्ट्रीको विकास गरिदिए भइहाल्छ । तलका मैदानी र टार भागहरूमा चाहिं त्यस्ता बस्तीहरू बनाएर लैजान सक्दा नेपाल एउटा सुन्दर हरित विकासको नमूना बन्न सक्छ । तर यसको निम्ति शर्त, राजनीतिक स्थिरता कायम गर्ने र दूरदृष्टियुक्त राजनीतिक नेतृत्वको पहलमा हामीले योजनाबद्ध ढंगले यसलाई अगाडि बढाउन सक्यौं भने नेपाल २१औं शताब्दीमा बस्ती विकासको एउटा मोडेल बन्न सक्छ ।

**केही टिप्स स्थानीय तहलाई**

मानवको उन्नत जीवनको लागि केही आधारभूत र अत्यावश्यक सेवाहरूमा पहिलो आवश्यकता गुणस्तरीय शिक्षा नै हो । यस्तो शिक्षा आफ्नो बस्ती नजिकै प्राप्त हुने अवस्था राज्यले सुनिश्चित गरिदिने हो भने मान्छे त्यहीं नै बस्छन् । अहिले अधिकांश मानिस यसैको अभावमा शहर पसेका छन् र कर्मचारीहरू र अरू पढे–लेखेका मानिसहरू पनि शहर छाड्न मान्दैनन् । छोराछोरीको शिक्षाको लागि नै हो । त्यसैले हामीले उच्च माध्यमिक तहसम्मको शिक्षा त संविधानले नै दायित्व लिएर उच्च र स्तरीय शिक्षा सबैलाई बराबरी ढंगको गर्दियो भने मानिस कहीं जानै पर्दैन । यसमा अलि कडाइ पनि गर्नुपर्छ । अमेरिकामा जस्तै जुन इलाकामा बस्ने हो त्यहीं भर्ना गर्नुपर्ने व्यवस्था पनि गर्नुपर्छ । धेरै उदार हुनुहुँदैन । जहाँ बस्छ अथवा काम गर्छ त्यहीं पढाउनुपर्ने व्यवस्था गर्नुपर्छ । यो हामीले गर्न नसक्ने कारण छैन । पहिले त स्थानीय तहलाई त्यो अधिकार र स्रोत उपलब्ध गराउनुपर्छ र उनीहरूलाई सुरुमा ज्ञान, सीप र प्रविधिहरू उपलब्ध गराइदिनुपर्छ । प्रत्येक स्थानीय तहमा गुणस्तरीय शिक्षा र स्वास्थ्यको व्यवस्था गर्नुपर्छ । स्थानीय तहका खास खास केन्द्रमा (ग्रामीण क्षेत्रमा पनि) स्तरीय स्वास्थ्य सेवा पनि सुनिश्चित गर्नुपर्छ । हाम्रो परम्परागत कृषिलाई तीव्र गतिमा रूपान्तरण गरेर रोजगारीको अवसर बढाउनुपर्छ । वित्तीय लगायत सेवा–सुविधा राज्यले नै सुनिश्चित गरेर कृषिको आधुनिकीकरण गर्नुपर्छ । ताकि सीमित युवाहरू कृषिमा लागेर रोजगारी पाऊन् । त्यसपछि गैरकृषि उद्योगहरू, सेवा क्षेत्रका रोजगारीहरू स्वतः नै उत्प्रेरित गरेर ती ठाउँहरूमा सिर्जना गर्न सक्दा फेरि हाम्रा गाउँहरू आधुनिक र बस्न लायक स्थल भएर आउन सक्छन् । अनलाइनखबर

# स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गरियो



**मधेशदृष्टि**
**वीरगंज ।**
असोज शुक्ल पञ्चमी अर्थात् नवरात्रको छैटौँ दिन मंगलबार दशैँ घर वा पूजा कोठामा नौ दुर्गामध्येकी पाँचौँ स्कन्दमाताको विधिपूर्वक पूजा आराधना गरिएको छ । छान्दोग्य श्रुतीका अनुसार भगवतीको शक्तिबाट उत्पन्न भएकाले सनत्कुमारको नाम स्कन्द रहन गएको हो । स्कन्दको माता भएकाले पार्वती नै स्कन्दमाताका नामले कहलाउनुभएको हो । नवरात्रका अवसरमा देवीको आराधना गरी पूजा गरेमा शक्ति, ऐश्वर्य र विद्या प्राप्त हुने धार्मिक विश्वास छ । यसै आधारमा वैदिक सनातन धर्मावलम्बीले हरेक वर्ष असोज शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष आराधना गर्छन् । नौ दिनसम्म पूजा आराधना गरेको प्रसाद विजयादशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म लगाइन्छ । नवरात्रको पहिलो दिन असोज १७ गते बिहीबार दशैँ घर वा पूजा कोठामा वैदिक विधिपूर्वक घटस्थापना गरी जौको जमरा राखिएको थियो । यसैबिच नव मिथिला फाउण्डेसनको आयोजनामा जनकपुरधाममा झिझिया महोत्सव हुने भएको छ । बडादशैँको अवसर पारेर बुधबार झिझिया महोत्सवको हुन लागेको नव मिथिला फाउण्डेसनले जनाएको हो । मिथिलाको लोक संस्कृति, लोक गायन तथा धार्मिक परम्परालाई बचाउने उद्देश्यले झिझिया महोत्सवको आयोजना गर्न लागिएको फाउण्डेसनका अध्यक्ष अमित साहले जानकारी दिए । उनकाअनुसार पाँच सय जनाले टाउकोमा झिझियाको घैँटो राखेर झिझियाको गीतमा नाच्ने तयारी छ । महोत्सवमा झिझियाको विगत, वर्तमान र भविष्यबारे चर्चासमेत गरिनेछ ।

# अलौं पानी निकासी विवादः एमाले र कांग्रेस आमनेसामने



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेले वीरगंजको वडा नं. १७ अलौंमा पानी निकासीका लागि अनुगमनमा जानेलाई हुलहुज्जत गर्दै दुव्र्यवहारमा संलग्न स्थानीय सुदर्शन लामिछानेलाई कारबाही गर्न माग गरेको छ । नेकपा एमाले वीरगंज महानगर कमिटीका सचिव सुन्दर प्रसाद कुर्मीले मंगलबार एक विज्ञप्ति जारी गर्दै कुटपिट र हुलहुज्जतमा संलग्न लामिछानेलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग गरेका हुन् । वडा नं. १७ का वडा अध्यक्ष सन्जिव बहादुर क्षेत्री र सोही वडाका वडा सदस्य एवं नेकपा एमालेका वीरगंज महानगर कमिटी सचिवालय सदस्य समेत रहेका आमोद यादव डुबानको बारेमा गएको आइतबार स्थानीयको घरघरमा पुगेर बुझिरहेको अवस्थामा अलौं पुग्दा लामिछानेले एक्कासी आएर सचिवालय सदस्य यादवमाथी हातपात र कुटपिट गर्नु निन्दनीय कार्य रहेको भन्दै एमालेले उनलाई कारबाहीको माग गरेको हो ।
विज्ञप्तिमा घटनाको भत्र्सना गर्नुका साथै त्यसमा संलग्नलाई लामिछानेलाई तत्काल पक्राउ गरी कारबाही गर्न स्थानीय प्रहरी प्रशासनसँग माग गरिएको छ ।
हालै आएको वर्षाका कारण वीरगंज महानगरपालिका वडा नं. १७, २४, २५ र २६ का दर्जनौं घरसहित सयौँ विघा जग्गामा लगाइएको धानबाली डुबानमा परेको स्थानीयको गुनासो पछि डुबानको समस्या समाधान गर्ने उद्देश्यले वडा नं. १७ का वडा अध्यक्ष सन्जिव बहादुर क्षेत्री र सोही वडाका वडा सदस्य आमोद यादव असोज २० गते आइतबार अलौंको स्थलगत निरीक्षण गर्न गएका बेला स्थानीय सुदर्शन लामिछानेले एक्कासी वडा सदस्य एवं नेकपा एमाले वीरगंज महानगर कमिटी सचिवालय सदस्य समेत रहेका आमोद यादबलाई हातपात र कुटपिट गरेको प्रति हाम्रो पार्टीले घोर भत्र्सना सहित निन्दा व्यक्त गर्दछौँ । घटनाको विषयमा कुनै विवाद भए वार्ता र छलफलकै माध्यमद्वारा समस्याको समाधान गर्नु पर्नेमा गुण्डागर्दी शैलीमा हातपात र दुव्र्यवहार हुनु कुनै पनि परिस्थितिमा न्यायाचित नरहेकाले घटनामा संलग्नलाई तत्काल पक्राउ गरी कारबाही गर्न स्थानीय प्रहरी प्रशासनसँग माग गर्दछौँ महानगर सचिव कुर्मीद्वारा हस्ताक्षरित विज्ञप्तीमा उल्लेख छ । यसैबीच वीरगंज महानगर पालिकाका नगर प्रमुख राजेशमान सिंहमाथि कारवाही गर्न नेपाली कांग्रेस पर्साले माग गरेको छ । नेपाली कांग्रेस पर्साका प्रवक्ता रमेश पाण्डेयले एक विज्ञप्ति जारी गर्दै नगर प्रमुख सिंहमाथि कारबाही गर्न माग गरेका हुन् । असोज २१ गते सोमबारका दिन वीरगंज महानगरपालिका वडा नं.१७ अलौंमा वर्षाको पानी निकाश सम्बन्धमा नगर प्रमुख राजेशमान सिंहको नेतृत्वमा नगर प्रहरी समेतको टोली पुगी स्थानीय ज्येष्ठ नागरिक नेपाली कांग्रेसका नगर वडा कार्य समितिका सभापति शिव ओम लामिछानेसँग हातपात गरी अभद्र व्यवहार गरिएको, साथै उनको छोरा सुदर्शन लामिछानेलाई नगर प्रहरीले अराजक शैलीमा कुटपिट गरी घाइते बनाएको घटना प्रति नेपाली कांग्रेस पर्सा घोर निन्दा गर्नुको साथै खेद प्रकट गर्दछ । अतः घटनाको निष्पक्ष छानविन गरी दोषि माथि कारबाही गर्न स्थानिय प्रशासनसँग विज्ञप्ती मार्फत माग गरेको छ ।



नेपाल कम्युनिष्ट पार्टी (एमाले)
वीरगंज महानगर कमिटीको कार्यालय, पर्सा
प्रेस वक्तव्य
घटनाको विषयमा कुनै विवाद भए वार्ता र छलफलकै माध्यमद्वारा समस्याको समाधान गर्नु पर्नेमा गुण्डागर्दी शैलीमा हातपात र दुर्व्यवहार हुनु कुनै पनि परिस्थितिमा न्यायोचित नरहेकाले घटनामा संलग्नलाई तत्काल पक्राउ गरी कारबाही गर्न स्थानीय प्रहरी प्रशासनसँग माग गर्दछौं ।
सुन्दर प्रसाद कुर्मी
सचिव
वीरगंज महानगर कमिटी



नेपाली कांग्रेस
जिल्ला कार्य समिति, पर्सा
विषय: प्रेस विज्ञप्ती
रमेश पाण्डेय
प्रवक्ता

# तेलको ट्याङ्करभित्र ३९२ किलो गाँजा दुईजना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
मकवानपुर प्रहरीले तेल ट्याङ्करभित्र रहेको ३ सय ९२ किलो लागुऔषध गाँजा बरामद गरेको छ । प्रहरीले हेटौंडा उपमहानगरपलिका वडा नम्बर १५ रातोमाटेबाट गाँजासहित दुईजनालाई पक्राउ गरेको छ । प्रहरीले ट्याङ्कर चालक मकवानपुर मनहरी गाउँपालिका वडा नं ९ ज्यामिरे २६ वर्षीय रोशन पुरी र सहचालक सोही स्थानका २२ वर्षीय धनबहादुर मल्ललाई पक्राउ गरेको हो । मकवानपुरको थाहा नगरपालिकाको पालुङबाट बिरगंजतर्फ आउँदै गरेको ना ७ ख १७७१ को ट्याङकर गाडीलाई जाँच गर्ने क्रममा ठूलो परिणामको गाँजा बरामद गरेको प्रहरीले जनाएको छ ।

# पोखरिया बजारको सरसफाई

**मधेशदृष्टि**
**वीरगंज ।**
नव दुर्गा पूजा समिति पोखरियाद्वारा पोखरिया बजारको सरसफाई गरिएको छ । पोखरिया नगरपालिका वडा नम्बर ४ का वडाअध्यक्ष तथा पूजा समिति अध्यक्ष लक्ष्मण साह कानू अध्यक्षतामा सरसफाई काईक्रम सम्पन्न भएको थियो । कार्यक्रममा इलाका प्रहरी कार्यालय पोखरिया सहित सशस्त्र प्रहरी बेस क्याम्प पोखरिया, पोखरिया नगर प्रहरी, स्थानीय भद्र भलदमी, समाजसेवी, संचारकर्मी, लगायतको सहभागिता रहेको थियो । सरसफाई कार्यक्रम पोखरिया बजार अन्तर्गत रहेको पोखरिया बस बिसौनी चौक बाट सुरु भई बजार हुदै शिव मन्दिर रामजंकी मंदिर, नव दुर्गा पूजा मण्डप सहितको ठाउँहरुमा गरिएको थियो ।

**दशैंको शुभकामन आदान प्रदान**

पोखरिया नगरपालिकामा एक कार्यक्रमकाबीच पोखरिया नगरपालिकाका उपप्रमुख रूबी कुमारी ठाकुरले इलाका प्रहरी कार्यालय पोखरियाको प्रहरी निरीक्षक स्वरूप शर्मासँग बड़ा दशैंको शुभकामन आदान प्रदान सहित स्वागत तथा परिचयात्मक कार्यक्रम गरेकी छन् ।
शुभकामना तथा स्वागत कार्यक्रममा वडा अध्यक्ष नौशाद आलम, शिक्षा शाखा प्रमुख विजय कुमार झा, नगर प्रहरी पोखरिया शाखा प्रमुख दिनेश प्रसाद चौहान, समाज सेवी दीपक ठाकुर, पोखरिया नगरपालिकामा कार्यरत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# जनमतका सचिव बीपी साहसहित सात जनाको निलम्बन फुकुवा

**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीका सचिव बीपी साहसहित सात जनाको निलम्बन फुकुवा भएको छ । पार्टीको नीति बिपरीतका गतिविधिमा संलग्न भएको आरोपमा साह सहितका नेताहरु तीन महिने निलम्बनमा परेका थिए । त्यो अवधि सकिएपछि पार्टी काममा फर्कने गरी निलम्बन फुकुवा भएको जनमत पार्टीले जनाएको छ । अनुशासन समितिको सिफारिसमा जनमतको केन्द्रीय समितिले केन्द्रीय सचिव बीपी साहसहित, केन्द्रीय सदस्य रामेश्वर यादव, सिरहाको मिर्चैया नगरपालिकाका नगर सचिव कृष्णचन्द्र साह, सिरहाका पूर्वजिल्ला अध्यक्ष अरबिन्द सहनी, मिर्चैयाका साधारण सदस्य धिरज कामती, मिर्चैया नगरका पूर्वसचिव दिपनारायण यादव र वडा प्रत्यासी अनिताकुमारी यादवलाई निलम्बन गरेको थियो । नेताहरूका अनुसार जिल्ला अधिवेशनका क्रममा खेलेको भूमिकाका कारण उनीहरू निलम्बनमा परेका थिए ।

# विग्ही नदीले बगाउँदा किशोरीको मृत्यु

**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्लाको मटिहानी नगरपालिका–९ सिमरदही गाउँमा मंगलबार विग्ही नदीले बगाउँदा एक किशोरीको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय वीरेन्द्र मण्डलकी छोरी १५ वर्षीया आरतीकुमारी मण्डल रहेको जिल्ला प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलाल प्रसाद जैसवारले बताए । विग्ही नदीमा नुहाउन गएकी उनलाई नुहाउने क्रममा आएको बाढीले बगाएको थियो । नदीले बगाएको किशोरी आरतीलाई स्थानीयले खोज्ने क्रममा बगाएको स्थानदेखि पाँच सय मिटर तल फेला पारेका थिए । किशोरीको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर ल्याइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# करेन्ट लागेर युवकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटमा विद्युतीय मोटरबाट करेन्ट लागेर एकजना युवकको मृत्यु भएको छ । स्थानीय यमुनामाई गाउँपालिका ५ मिठुअबा गाउँका २६ वर्षीय अस्लोक कुमार महतोको करेन्ट लागेर मृत्यु भएको हो । युवक अस्लोक कुमारलाई आफ्नै खेतमा धान बालीमा पानी हाल्न जडान गरिएको मोटरको तार जोडने क्रममा करेन्ट लागेको थियो । उपचारको लागि शिवदर्शण अस्पताल सुकदेव चोकमा ल्याइएकोमा गएराति चिकित्सकले उनलाई मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले बताए । मृतकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको तथा घटना बारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# ग्रिन सिटीद्वारा कपडा वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
हिन्दूहरूको महान् चाडपर्व दशैं तिहार तथा छठको शुभ अबसरमा ग्रिन सिटी सामुदायिक सेवा केन्द्रले निशुल्क कपडा वितरण गरेको छ ।
मंगलबार बिहान ११:३० बजे सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रिन सिटी सामुदायिक सेवा केन्द्र तथा ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगर पर्साको आयोजनामा कपडा वितरण गरेको हो ।
कपडा बैंक द्वारा वीरगंज महानगरपालिका वडा नं १० आदर्शनगरस्थित केन्द्रको प्राङ्गणमा निःशुल्क कपडा वितरण गरिएको हो । केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी, संचारकर्मी, सुरक्षाकर्मी लगायत केन्द्रका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# उखुको समर्थन मूल्य छिटो तोक्न र मलको कोटा बढाउन माग

**मधेशदृष्टि**
**काठमाडौं ।**



नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य विनोद चौधरीले उखुको समर्थन मूल्य तोक्न सरकारसँग माग गरेका छन् । उनले समयमै उखुको समर्थन मूल्य नतोक्दा किसान निराश बनेको भन्दै सरकारलाई छिटो समर्थन मूल्य तोक्न र अघिल्लो वर्षभन्दा मूल्य बढाउन ध्यानाकर्षण गराएका हुन् । नवलपरासी १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित सांसद चौधरीले उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेल र कृषिमन्त्री रामनाथ अधिकारीलाई भेटेर किसानका समस्याका बारेमा ध्यानाकर्षण गराएका हुन् । सांसद चौधरीको निर्वाचन क्षेत्र उखु खेतीका लागि पकेट क्षेत्र मानिन्छ । गत वर्ष सरकारले तोकेको अनुदानबापतको रकम किसानले अहिले पनि नपाएको र केहि चिनी मिलले पनि किसानलाई अझै भुक्तानी नदिएको सांसद चौधरीले बताए । उनले बजारमा बढेको महँगीलाई ध्यान दिएर उखुको समर्थन मूल्य र अनुदान रकम पनि बढाउन माग गरेका छन् । उखुको न्यूनतम मूल्य प्रतिक्विन्टल ७३५ रुपैयाँ र ढुवानी बापतको नेपाल सरकारले प्रदान गर्ने अनुदान रकम प्रतिक्विन्टल १०० रुपैयाँ गरी ८३५ रुपैयाँ कायम गर्न प्रस्ताव गरेका छन् । 'समयमै मूल्य नतोकिदिँदा यस क्षेत्रका किसानहरू अन्योल र साह्रै मर्कामा परिरहेका छन् । समयमै मूल्य नतोकिँदा उद्योगहरूले पनि उखु खरिद नगरी दिने वा अघिल्लो वर्षकै मूल्यमा मात्र खरिद गर्ने छन्,' सांसद चौधरीले अर्थमन्त्री विष्णु पौडेलसँगको भेटमा भने, 'आर्थिक वर्ष २०८१र८२ का लागि उपरोक्त बमोजिम यथाशीघ्र समर्थन मूल्य निर्धारण गरिदिनु भई अनुदान बापतको रकम समयमै भुक्तानी हुने व्यवस्था समेत गरी दिनु हुन आग्रह गर्दछु ।'
साथै सांसद चौधरीले नवलपरासी जिल्ला केरा तथा उखुको पकेट एरिया भएको हुँदा अन्य बाली भन्दा केरा तथा उखुलाई बढी मलको आवश्यकता पर्ने भएको र हाल प्राप्त मलको कोटा अपुग भएको हुँदा सो क्षेत्रका लागि मलको कोटा वृद्धि गर्न पनि सरकारसँग माग गरे ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन